# स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन

## अन्तिम प्रतिवेदन

जेष्ठ, २०७७




## नौकुण्ड गाउँपालिका, रसुवा

## वागमती प्रदेश

## धन्यबाद ज्ञापन



सङ्घीयताको अवधारणा अनुरुप नेपालको संविधानले स्थानीय तहहरूलाई पर्याप्त स्वायत्तता (कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकार सम्पन्न) तथा अधिकारहरुको सुनिश्चितता गरेको छ। स्थानीय तहहरु अन्य तहका सरकारहरूसंग सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गर्न सक्षम बनेका छन्। यसले स्थानीय तहहरूमा दक्ष र गुणस्तरीय सेवाहरूको वितरण, अर्थपूर्ण र समावेशी सहभागिता, प्रभावकारी उत्तरदायित्व र पारदर्शिता, र न्यायिक अभ्यासको कार्य स्थानीय स्तरमा संस्थागत भइरहेको छ। साथै, स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारहरूलाई मार्गदर्शन गरेको छ। नेपालको स्थानीय शासन व्यवस्था उत्तम प्रणालीको रुपमा लिने गरिएको छ, जसअनुरूप मानिसहरू एकआपसमा भेला हुने, स्थानीय मुद्दाहरूको बारेमा छलफल गर्ने र जनताको तर्फबाट निर्णय लिनका लागि व्यवस्थापकीय, कार्यकारी र न्यायिक पद्धतिहरू स्थापित भएका छन्। यसले स्थानीय शासन प्रणालीले नेपाली समाजलाई एकातिर जीवन्त बनाएको छ भने अर्कोतर्फ जनतालाई आफ्नै ढोकामा आबश्यक सेवाहरू प्रदान गरी स्थानीय सरकारका इकाईहरूको नजिक ल्याएको छ।

परिवर्तित सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ ले व्यबस्था गरेका प्रावधान अनुरुप स्थानीय सरकारको संस्थागत स्वमुल्यांकन गरी स्थानिय सरकारले गरेका राम्रा अभ्यास, सिकाईहरु,स्थानिय सरकारले भोगेका कठीनाई वा चुनौतीहरुका साथै अवसरहरु सहित सधारगर्नु पर्ने बिषयहरुमा ५ दिन सम्म घनिभुत रुपमा छलफल गरी बिभिन्न सूचकहरुको आधारमा नौकुण्ड गाउँपालिकाले प्राप्त गरेका प्राप्तांङ्क तथा त्यसको लागि आवश्यक पर्ने प्रमाणहरु सहित पेश गरि कार्ययोजना तयार गरिएको छ। यस स्वमुल्यांकन कार्यक्रमले आउदा दिनहरुमा अझ प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत क्षमता सुधार गर्न, प्रभावकारी र दक्ष सेवा पुऱ्याउन र उत्तरदायित्व कायम गर्न बढी हौसला प्रदान गरेको छ। यस विधिले स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि रणनीतिक कार्ययोजना तयार गर्न समस्या रहेका क्षेत्रहरु को पहिचान गरेको छ।

अन्तमा, यो स्वलेखाजोखा कार्यक्रम को प्राबिधिक सहयोग गर्ने आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउनु हुने संयूक्त अधिराज्य (UK) को अन्राष्ट्रिय विकास नियोग (DFID) को आर्थिक सहयोगमा तथा मोट-म्याकडोनाल्ड (Mott MacDonald) को व्यवस्थापनमा सञ्चालित पूर्णिमा परियोजनाका साथै प्राबिधिक बिशेषज्ञहरु बिज्ञ परामर्स सेवा केन्द्र सहित यो कार्यक्रमलाई ५ दिन सम्म सहयोग गर्नुहुने गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु सहभागिता जनाउनु हुने राजनैतिक दल र उपभोक्ता समितिका पदाधिकारी, लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

जेष्ठ, २०७७

नोर्बु स्याङ्बो घले
अध्यक्ष

## धन्यबाद ज्ञापन



वि. सं. २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात संघीय शासन प्रणालीको नविनतम अभ्यास र फरक परिवेशमा जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकार रहेको छ । यस दृष्टिले समृद्धि र सुशासनको जन–आकांक्षालाई सम्बोधन गर्नु स्थानीय सरकारको ध्येय हुन जान्छ र यो ध्येय प्राप्तिको लागि तदनुरुपका प्रयत्नहरु शुरु देखिनै हुन जरुरी छ । स्थानीय निकायमा धेरै वर्षको रिक्तता पश्चात स्थापित स्थानीय सरकारका आफ्नै व्यवस्थापकीय सवालहरु पनि छन् तथापि यी सबैको बावजुद समृद्धि र सुशासनको लक्ष्य हासिल गर्न योजनावद्ध विकासको प्रारुप तयार पारी सोही अनुकुल विकास निर्माणका गतिविधि अघि बढाउँदै लैजान जरुरी हुन्छ ।

संस्थागत स्वमूल्याङ्कनले नौकुण्ड गाउँपालिकाको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरुको विकासक्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी दिनुका साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्वपूर्ण विषयहरुलाई समयमा नै सम्बोधन गर्न सकिने गरी स्थानीय सरकारलाई सबल बनाउन समयबद्ध कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने मार्ग प्रशस्त गरेको छ । स्थानीय सरकार आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्नका लागि स्थानीय सरकारको सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षहरुको नियमित रुपमा विश्लेषण यसले गरेको छ । यस पद्धतिले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्धत पुऱ्याउनुका साथै  स्थानीय सरकारको कार्यक्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् जस्ले नौकुण्ड गाउँपालिकाको चुनौती र अवसरहरु पहिचान गरी कार्यक्षमता अभिवृद्धि गर्न मद्धत पुऱ्याएको महसुस मैले गरेको छु ।

निरन्तर ५ दिन सम्म स्वमुल्यांकन तथा स्व लेखाजोखाले हामी जनप्रतिनिधीहरुलाई एक पटक सोच्न बाध्य बनाएको तथ्य हामीले प्राप्त गरेको प्राप्ताङ बाट स्पष्ट हुन्छ, आउदा समयहरुमा हामीले अझ बढी मेहनेत तथा कार्यक्षमता प्रदर्शन गरि सेवा प्रवाहलाई अझ चुस्त दुरुस्त बनाउनु पर्ने बेला आएको छ । हामी जन प्रतिनिधिहरुलाई आ–आफनो काम कर्तब्य को बोध साथै बढी जिम्मेवार हुन उत्प्रेरीत बनाएको छ ।

तसर्थ यो स्वमुल्यांकन कार्यक्रम यस गाउँपालिकाको आग्रहमा प्राबिधिक सहयोग गर्ने पूर्णिमा कार्यक्रमका योजना सल्लाहकार बिज्ञ श्री गेहेन्द्र बम, ईन्जिनियर श्री पवन डंगोल, प्राबिधिक बिशेषज्ञ श्री अरुण कुमार रेग्मी, सन्तोष घिमीरे,गणेश आर्चाय, जनप्रतिनिधि ज्यूहरु, तथा यस गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, यस गाउँपालिकामा भएका राजनैतीक दल, नागरिक समाज, उपभोक्ता समिति लगायत सम्पूर्णमा धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

जेष्ठ,२०७७

सिर्जना लामा
उपाध्यक्ष

## कार्यकारी सारांश

सङ्घीयताको अवधारणा अनुरुप नेपालको संविधानले स्थानीय तहहरूलाई पर्याप्त स्वायत्तता (कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकार सम्पन्न) तथा अधिकारहरुको सुनिश्चितता गरेको छ ।स्थानीयतहहरु अन्य तहका सरकारहरूसंग सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गर्न सक्षम बनेका छन् । यसले स्थानीय तहहरूमा दक्ष र गुणस्तरीय सेवाहरूको वितरण, अर्थपूर्ण र समावेशी सहभागिता, प्रभावकारी उत्तरदायित्व र पारदर्शिता, र न्यायिक अभ्यासको कार्य स्थानीय स्तरमा संस्थागत भइरहेको छ । साथै, स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारहरूलाई मार्गदर्शन गरेको छ । नेपालको स्थानीय शासन व्यवस्था उत्तम प्रणालीको रुपमा लिने गरिएकोछ, जसअनुरूप मानिसहरू एकआपसमा भेला हुने, स्थानीय मुद्दाहरूको बारेमा छलफल गर्ने र जनताको तर्फबाट निर्णय लिनका लागि व्यवस्थापकीय, कार्यकारी र न्यायिक पद्धतिहरू स्थापित भएका छन् । यसले स्थानीय शासन प्रणालीले नेपाली समाजलाई एकातिर जीवन्त बनाएको छ भने अर्कोतर्फ जनतालाई आफ्नै ढोकामा आबश्यक सेवाहरू प्रदान गरी स्थानीय सरकारका इकाईहरूको नजिक ल्याएको छ ।नेपालमा २०७४ सालमा स्थानीय निर्वाचन सम्पन्न भयो, जसले साविकको शासन व्यवस्थामा रहेको केन्द्रियता र एकात्मक मानसिकतालाई विकेन्द्रीकरण प्रणालीमा परिवर्तन गर्न सहज बनायो । यसले सरकारको लोकप्रिय नारा “गाउँ गाउँमा सिंहदरवार“ बन्ने अवधारणालाई स्थापित गर्‍यो । तथापि, स्थानीय स्तरमा लामो समय सम्मको जनप्रतिनिधिको विहिनता, शासन व्यबस्थामा आएको परिवर्तनले स्थानीयस्तरको क्षमता कमजोर रहनु स्वभाविकै हो । तर, सरकारले स्थानीय सरकारको क्षमता विकासलाई प्राथमिक एजेन्डाको रूपमा लिएकोले गर्दा कानुनतः प्राप्त विशेष शक्ति र आंफुले गर्ने सेवा प्रवाहमा स्थानीय तहहरूलाई प्रतिबद्ध बनाएको छ र तदनुरूपको क्षमता विकासका लागि तयार भएका छन् ।

परिवर्तित सन्दर्भमा स्थानीय सरकारको प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत क्षमता सुधार गर्न, प्रभावकारी र दक्ष सेवा पूर्‍याउन र उत्तरदायित्व कायम गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन पद्धतिको विकास समेत गरेको छ । यस विधिले स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि रणनीतिक कार्ययोजना तयार गर्न समस्या रहेका क्षेत्रहरु (Gap) को पहिचान गर्दछ । स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनको विधिले १० (दस) विषयगत क्षेत्रहरूको पहिचान गरेकोछ । जसअनुसारः शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय रहेकाछन् । यसका अलावा, समय परिवर्तनको क्रमसँगै स्थानीयतहको जिम्मेवारी बढ्दै जाँदा स्थानीय सरकारको कार्यक्षमताको आँकलन गर्न थप २ वटा बिषयगत क्षेत्र (सार्वजनिक उत्तरदायित्व र ज्ञान व्यवस्थापन) हरू थप गरी १२ बिषयगत क्षेत्रहरूका १५० वटा सूचकहरू तय गरी परियोजना लागु भएका गाउँपालिकाहरू मध्ये पहिलो चरणका पाँच र दोस्रो चरणका पाँच गरि जम्मा १० गाउँपालिकाहरुमा संस्थागत स्वमूल्याङ्कन अर्थात स्वलेखाजोखा गरिएको थियो ।

यसरी लेखाजोखा गर्दा स्थानीय तहहरूमा ५ दिन सम्म जनप्रतिनिधि, कर्मचारी तथा अन्य सम्बद्ध सरोकारवालाहरूसँग अन्तरक्रियात्मक कार्यशाला, विज्ञहरुसंग गरिएको अन्तर्वार्ता, सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण र अभिमुखिकरणका विधिहरु अपनाई तथ्याङ्कहरूको संकलन तथा विश्लेषण गर्ने कार्य सम्पन्न गरिएको थियो । यसका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको संस्थागत स्वमूल्याङ्कन विधिलाई प्रयोग गरियो । कूल १० वटा बिषयगत क्षेत्र र १०० वटा सूचकहरूलाई ३ वटा शिर्षकहरु क्रमशः समग्र, प्रकृयागत, र परिमाणात्मक मा विभाजन गरी तथ्याङ्क संकलन गरिएको थियो । यसका अतिरिक्त बिषयगत क्षेत्रका लागि परिपोषक हुनेगरी थप ४० र थप दुई विषयगत क्षेत्रका १० सूचक गरी अतिरिक्त ५० वटा सूचकहरू समेत तयार पारी तथ्याङ्कहरूको संकलन गरिएको थियो ।

यसरी तथ्याङ्क संकलन र विश्लेषण गर्दा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुख कर्मचारीहरूको सामुहिक उपस्थिति रहेको थियो । संकलित तथ्याङ्कहरूको विश्लेषण गर्दा नौकुण्ड गाउँपालिकाले संस्थागतक्षमताको लेखाजोखाको नतिजामा विश्लेषण गर्दा समग्ररुपमा १०० पूर्णाङ्कमा ५९.७२ अंकभार प्राप्त गरेको देखिन्छ । तथापि पूर्णाङ्क सँगको ४०.२८ प्रतिशतको अन्तरले गाउँपालिकाले सुधार गर्नु पर्ने पक्षहरू औल्याउन सकिन्छ । दस विषयगतक्षेत्रलाई हेर्दा न्यायिक कार्यसम्पादन उत्कृष्ट

देखिन्छ । त्यस्तै शासकीयप्रवन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय तथा आर्थिक व्यवस्थापन तथा सेवा प्रवाह राम्रो देखिन्छ ।  अन्य चारवटा विषयगत क्षेत्रहरुको अवस्था कमजोर देखिएको छ । यसैले अन्तर कम गरी अपेक्षित अवस्थामा पुग्न धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी थप ५० सूचकहरुको अवस्थामा जम्माजम्मी समग्रमा ४४.३० अंकभार प्राप्त गरेको देखिन्छ ।  थप सूचकहरूमा समग्रमा कमजोर नै देखिएको छ । वित्त व्यवस्थापन र सेवाप्रवाह व्यवस्थापन राम्रो देखिएको छ भने योजना व्यवस्थापन,आर्थिक प्रशाशन, आन्तरिक तथावाह्य समन्वय, सार्वजनिक जवाफ देहिताको ब्यवस्थापन र ज्ञान व्यवस्थापन क्षेत्र धेरै कमजोर देखिन्छ । यस बाहेक तीनवटा क्षेत्र कमजोर नै  देखिन्छन् ।

विश्लेषणका क्रममा यी अन्तरहरू आउनुका कारण र गाउँपालिकाले आगामी दिनमा ऐन, नियम र कार्यविधिले निर्देशित गरे अनुरुप आफ्ना कार्यलाई प्रभावकारी बनाउन कमी कमजोरी र सुधार गर्नु पर्ने पक्षकाबारे गहन छलफलका साथ वोध  गरियो । अन्तमा गाउँपालिकालाई कानुनतः अपेक्षित अवस्थामा पुऱ्याउन हरेक विषयगत क्षेत्रमा गर्नुपर्ने क्रियाकलापहरु समेटी समग्र संस्थागत क्षमता बिकास रणनैतिक कार्ययोजना तयार गरिनुका साथै ती कार्य योजनालाई विधिवत कार्यान्वयन गर्ने प्रतिबद्धता समेत गरिएको थियो । अन्तमा, स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनबाट प्राप्त नतिजा पुष्ट्याईगर्ने प्रमाण सहित मन्त्रालयले तयार गरेको स्थानीय सरकारको संस्थागन स्व-मूल्याङ्नकको वेवसाइटमा प्रविष्ट गरीएको थियो, जुन lisa.mofaga.gov.np मा उपलब्ध छ । तर थप (अतिरिक्त) सूचकहरुमा गाउँपालिकाले दसी प्रमाण सहित प्राप्त गरेको प्राप्ताङ्क (४४.३० अङ्क) यस प्रतिवेदनमा मात्र उल्लेख गरिएको छ ।

# विषय सूचि


धन्यबाद ज्ञापन ........ 2

कार्यकारी सारांश ........ 4

विषय सूचि ........ 6

१. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनकार्यको परिचय ........ 8

१.१ पृष्ठभूमि ........ 10

१.२ स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनको सान्दर्भिकता ........ 10

१.३ स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको उद्देश्य ........ 11

१.४ स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको कार्यक्षेत्र ........ 11

१.५ स्वमूल्याङ्कन कार्यका सिमाहरु ........ 11

२. संस्थागत स्व मूल्याङ्कनको अध्ययन विधि ........ 12

२.१अध्ययन बिधि........ 13

२.२ अध्ययन क्षेत्र ........ 13

२.३ कार्य जिम्मेवारीमा सहमति निर्माण एवं कार्यान्वयन ........ 14

२.४तथ्याङ्क संकलन ........ 14

२.५ तथ्याङ्क विश्लेषण तथा नतिजा प्रस्तुति ........ 15

२.६ अनुसरण (follow up) ........ 15

३. नतिजा र निश्कर्ष ........ 16

स्वमूल्याङ्कनको भूमिका........ 16

३.१ परामर्श बैठकका नतिजाहरु ........ 16

३.२ गाउँपालिकाको सबल पक्ष,कमजोर पक्ष,अवसर तथा चुनौति विश्लेषण ........ 18

३.३ संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखा........ 21

३.४ नागरिक समाजको दृष्टिकोण ........ 22

३.५ स्थलगतरुपमा आएका केही अनुभूतिहरु........२४

३.६ स्वमूल्याङ्कनको (लेखाजोखाको) नतिजा ........ 23

३.७ संस्थागत क्षमता बिकास रणनीतिक कार्ययोजना (२०७६ माघ ( २०७७ पुस)........ 59-604

३.८ बजेट विश्लेषण........665

३.९ अनुगमन ढाँचा र अनुसरण (follow-up) संयन्त्र ........665

४. निष्कर्ष, सुझाव तथा अगाडिका लागि मार्ग निर्देश ........6766

४.१ निष्कर्ष ........ 66

४.२ सुझाव ........67

अनुसूची १.कार्यक्रम तालिका ........6968

अनुसूची २: स्थानीय सरकारको संस्थागत स्व(मूल्याकंन ........ 69-100

अनुसूची ३. लेखाजोखा कार्यशालाका सहभागिहरुको सूचि.....101-102
अनुसूची ५. फोटो तथा क्रियाकलापहरु.....102-106

## तालिका सूचि

तालिका १: गाउँपालिकाको सवल र कमजोर तथा अबसर र चुनौतीहरुको विश्लेषण तालिका

तालिका २: स्वमूल्याङ्कनको अंकभार

तालिका ३: स्वमूल्याङ्कनका सुचकहरूको अवस्थाको विस्तृत विवरण

तालिका ४: स्वमूल्याङ्कनका सुचकहरूको अवस्थाको विश्लेषण

तालिका ५: थप सुचकको अंकभार

तालिका ६: संस्थागत क्षमता बिकास रणनीतिक कार्ययोजना

## नक्सा सूचि

नक्सा १: नौकुण्ड गा.पा.मा भएको कार्यशाला गोष्ठी

नक्सा २: संस्थागत क्षमताको लेखाजोखाको चित्रण

नक्सा ३: संस्थागत क्षमताको लेखाजोखाको माकुरी जालो चित्रण

नक्सा ४: अतिरिक्त सूचकका आधारमा संस्थागत क्षमताको लेखाजोखाको चित्रण

नक्सा ५: अतिरिक्त सूचकका आधारमा संस्थागत क्षमताको लेखाजोखाको माकुरी जालो चित्रण

## १. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनकार्यको परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) जारी भएसंगै सो अनुसार राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएबाट राज्यव्यवस्थाको रुपान्तरण संस्थागत भएको छ । स्थानीय स्तरको समावेशि विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई सङ्घीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारहरुलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो वनाउन निरन्तर क्रियाशिल भईरहेका छन् । नेपालको संघीय संरचनाका साथ संविधानले स्थानीय सरकारलाई २२ वटा एकल अधिकार र१५ वटा साझा अधिकारहरुलाई प्रदान गरेको छ ।

संघीय संरचनाको अभ्यास संगै २०७३ सालमा मा नेपाल सरकारले स्थानीय तहको पुनर्संरचना गर्न स्थानीय तह पुनर्संरचना आयोग (LLRC) गठन गरी सो मार्फत स्थानीय तहहरूको पुर्नसंरचना गर्ने निर्णय गर्‍यो । आयोगले ७५३ स्थानीय तहहरुजसमा २७६ नगरपालिका र ४६० गाउँपालिका, ११ उप महानगरपालीका तथा ६ वटा महानगरपालीका को निर्धारण गर्‍यो । यी स्थानीय तहहरूलाई ६७४३ वडाहरूमा समेत विभाजन गरियो । पुर्नसंरचना पछि गठन भएका स्थानीय सरकारहरूको मुख्य अभिप्राय स्थानीय तहमा प्रजातन्त्रको संस्थागत विकास गर्ने, समुदायमा दक्ष, प्रभावकारी र उत्तरदायी तरीकाले सार्वजनिक सेवाहरु पुर्‍याउने, जनताको जीवनस्तर उकास्न सामाजिक र आर्थिक विकास गतिविधिहरु सञ्चालन गर्ने लगायत स्थानीय तहमा प्रजातान्त्रिक नेतृत्व विकास गर्ने पनि रहेको छ ।

लगभग तीन बर्ष अघि २०७४ मा स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भए पश्चात निर्वाचित प्रतिनिधिहरूलाई स्पष्ट जनादेश, जिम्मेवारी र कार्यहरू सहित स्थानीय सरकारहरूको व्यवस्थापन गर्ने अधिकार, शक्ति र कार्य प्रदान गरियो । सबैलाई आकर्षित गर्ने गाउँगाउँमा सिँहदरबार भन्ने लोकप्रिय नाराका माध्यमबाट केन्द्रीकृत र एकात्मक मनस्थितिलाई विकेन्द्रीकरणमा परिवर्तन गरियो । तथापि, सङ्घीय ताको अभ्यासलाई गाउँगाउँ सम्म पुर्‍याउन स्थानीय गाउँपालिका तथा नगरपालिकाहरूको क्षमतामा अभिबृद्धि गर्नु पहिलो आवश्यकता भएकोले यसैलाई दृष्टिगत गरी सरकारले स्थानीय सरकारको क्षमता विकास शुरु गर्ने रणनीति तयार पार्‍यो । यद्यपि, क्षमता विकास एक लामो प्रक्रिया हो र यसद्वारा व्यक्ति, संस्था, संगठन र समाजले आफ्ना कार्यहरू संचालन गर्न, समस्या समाधान गर्नका साथै लक्ष्यहरू प्राप्त गर्न र क्षमताहरू विकास गर्न सक्षम बनाइन्छ । गाउँपालिका तथा नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी, सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिकाका रहेको हुन्छ । जनप्रतिनिधिको निर्णय क्षमता, नेतृत्व शैली, जनता परिचालन गर्ने र साधन स्रोत जुटाउने कार्य र प्राथमिकतामा आधारित विनियोजनमा दक्षता र खर्चमा प्रभावकारिता ल्याउने कार्यले जनविश्वास आर्जन तथा स्थानीय तहको सफलता र असफलता निर्धारण गर्ने भएकोले यस्ता कार्यमा जोड दिनुपर्ने हुन्छ ।

यसलाई थप व्यवस्थित गरी अगाडि बढाउन तथा संविधान प्रदत्त अधिकार प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, र अन्तरसरकार वित्तीय व्यवस्थापन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सुशासन ऐन, २०६४ सहित स्थानीय तहले समेत आफै कानुनहरूको तर्जुमा गरी संघीयता कार्यान्वयनमा ल्याई रहेकाछन् ।

यस कारण पनि स्थानीय सरकारले आफ्नो कार्यसम्पादनको अवस्था कस्तो रहेको छ भन्ने कुराको पहिचान गर्न जरूरी हुन्छ । स्थानीय सरकार स्वायत्त भएकोले आफ्नो अवस्थाको मूल्याङ्कन आफ्नै नेतृत्वमा गर्न सक्छन् । तथापि, सबै स्थानीय तहहरूको क्षमता समान नहुनु र एकरूपता समेत कायम गर्नु पर्ने हुँदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको संस्थागत स्वमूल्याँकन पद्धतिको विकास गरेको हो । जसको प्रयोग स्थानीय तहहरूले अँफै गर्दा बढी प्रभावकारी एवम् व्यवहारिक हुने भएकोले हालका दिनहरूमा प्रायःजसो गाउँपालिका तथा नगरपालिकाहरुलेआफ्नो मूल्याँकन आँफै गर्न थालेकाछन् ।

## १.२ स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनको सान्दर्भिकता

स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भए पश्चात निर्वाचित प्रतिनिधिहरूलाई योजना निर्माण, दीर्घकालिन योजना बजेट र अन्य विभिन्न कार्य सम्पन्न गरी स्थानीय सरकारको संस्थागत विकास गर्नका ठुलो चुनौति छ । संस्थागत स्वमूल्याङ्कनले स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरुको विकासक्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी दिनुका साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्वपूर्ण विषयहरुलाई समयमा नै सम्बोधन गर्न सकिने गरी स्थानीय सरकारलाई सबल बनाउन समयबद्ध कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्दछ । स्थानीय सरकार आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्नका लागि स्थानीय सरकारको सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षहरुको नियमित रुपमा विश्लेषण हुनु पर्दछ । यस पद्धतिले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्धत पुऱ्याउँछ । स्थानीय सरकारको कार्यक्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् । स्वमूल्याङ्कन पद्धतिले सम्बन्धित स्थानीय सरकारको चुनौती र अवसरहरु पहिचान गरी कार्यक्षमता अभिवृद्धि गर्न मद्धत पुऱ्याउँछ ।

धेरै कारणहरुले गर्दा स्थानीय सरकारको सेवा प्रवाहको बारेमा टिका टिप्पणी पनि हुने गर्दछ । जस्तै राजस्व सम्वन्धि विषय, संस्थागत विकास, आम्दानी र खर्चमा पारदर्शिता तथा कर जस्ता विषयहरु पर्दछन् । यी सबै विषयको अध्ययनमा सङ्घीय  मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको स्थानीय सरकार स्वमूल्यांकन औजार (लिसा)लाई स्थानीय तहहरुको संस्थागत स्वमूल्याङ्कनका लागि प्रमुख उपकरणको रूपमा लिइएको छ । यस उपकरणमा १० वटा कार्यक्षेत्रहरु तय गरिएको छ र ती कार्यक्षेत्रमा जम्मा १०० वटा सूचकहरु रहेका छन् । ती सूचकहरुलाई हरेक कार्यक्षेत्रमा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था गरी तीन तहमा व्यवस्थित गरिएको छ । यी सूचकहरुको मूल्याङ्कन गर्न समग्र अवस्थाका प्रत्येक सूचकमा चारवटा अवस्थाहरु राखिएका छन् भने अन्य सूचकहरुमा तीनवटा अवस्थाहरु राखिएका छन् । यी अवस्थाहरु मध्ये अन्तिम अवस्था सबैभन्दा राम्रो अवस्था हो र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐनहरुले स्थानीय तह यस किसिमले व्यवस्थित होस भनेर चाहेको अवस्था हो भने पहिलो, दोश्रो वा तेश्रो अवस्थाले क्रमश कमजोरबाट सुधार हुँदै गएको अवस्थालाई जनाउँछ । यसरी समग्र सूचकको मूल्याङ्कन पश्चात स्थानीय सरकारको क्षमता अभिवृद्धि लागि रणनीतिक कार्ययोजना तयार गर्नका लागि सुधार गर्नु पर्ने क्षेत्रको पहिचान हुने गर्दछ । लिसा उपकरणले समावेश गरेका दसवटा विषयगत क्षेत्रहरूमा शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन,  वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय रहेका छन् ।

स्वमूल्याङ्कन प्रणाली बाट नेपाल सरकारले संवैधानिकरुपमा जनताको सबभन्दा नजिकमा रहेका स्वायत्त र शक्तिशाली स्थानीय सरकारहरुको कार्यसम्पादनको अनुगमन पनि गर्दछ । यसरी स्थानीय सरकारहरुले कार्य सम्पादनगर्दा जनहितलाई प्राथमिकतामा राखेर उपलब्ध स्रोत साधनको पर्याप्त छलफल र विश्लेषणको आधारमा औचित्यपूर्णढंगले विनियोजन गरी त्यसलाई कार्यान्वयन गर्दा विवेकपूर्ण निर्णयका साथ हरेक पैसाको खर्च प्रणाली पारदर्शि र उत्तरदायी किसिमले गरी सो को हिसाव किताव कानून सम्मत र पारदर्शि हिसावले राखी जनताको जानकारीको लागि सार्वजनिक गर्ने र कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई आएका कैफियत सवालहरुको समयमा नै नियमित र फछ्र्यौट गराई सम्पन्न गर्ने पद्धति स्थापितहोस् र स्थानीय सरकार आफैले यसको समय समयमा लेखाजोखा गरी जन उत्तरदायित्व निर्वाह गर्न उत्प्रेरित गर्न सकियोस् भनी यो पद्धति विकास गरी कार्यान्वयनमा ल्याएको हो ।

स्थानीय सरकारहरु संस्थागत विकासका दृष्टिले भिन्नभिन्न स्तरमा छन् । यस किसिमको अवस्थामा स्वमूल्याङ्कन प्रणालीले स्थानीय सरकारको सक्षमता र कमजोरी पहिचान गरी सुधारका लागि आवश्यक नीति एवं कार्यक्रम तर्जुमा गर्न सहयोग गर्छ । स्थानीय सरकारको संगठनात्मक ढाँचा, प्रशासनिक प्रक्रिया, वित्तीय व्यवस्था, सेवाप्रवाह, योजना तथा बजेट तर्जुमा आदिको स्वमूल्याङ्कनका निर्धारित सूचकका आधारमा वास्तविक अवस्थाको जानकारी प्राप्त गरी सुधारको कार्ययोजना विकास गरी संस्थागत गर्न सकिन्छ ।

स्वमूल्याङ्कनको नतिजाबाट स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धि गर्न नीति तथा कार्यक्रम  तर्जुमा र बजेट व्यवस्था गर्न सहयोग गर्छ । स्वमूल्याङ्कनले स्थानीय सरकारको कार्य प्रगति नियमित रुपमा अनुगमन गरी देखिएका पक्षहरुको लेखाजोखातथा सुधारका लागि आवश्यक कदम चाल्न सहयोग गर्छ । स्वमूल्याङ्कन प्रणालीलाई प्रोत्साहन व्यवस्थासंग आवद्ध गरी स्थानीय सरकारहरु बीच-प्रतिस्पर्धा गराउन सहयोग गर्छ ।

यसको अतिरिक्त विगत देखिको कार्य अनुभवका आधारमा स्थानीय सरकारहरुका लागि मार्गदर्शन हुनेगरी व्यवस्था गरिएका प्रचलित कानूनको व्यवस्था, विगतका अभ्यास र हाल जनताको चाहानालाई समेत दृष्टिगत गरी लिसाका १० क्षेत्रका १०० वटा सूचकको परिपोषक हुने गरि थप ४० वटा सूचकहरु र स्थानीय सरकारको कार्यक्षमताको आकलन गर्न थप २ वटा बिषयगत क्षेत्र (सार्बजनिक जवाफदेहिता र ज्ञान व्यवस्थापन) का १० समेत गरी १२ विषयगत क्षेत्रहरूका १५० वटा सूचकहरू तय गरी पूर्णिमा परियोजनालेसहयोग गरिरहेका गाउँपालिकाहरूको संस्थागत स्वमूल्याङ्कन अर्थात स्वलेखाजोखा गरिएको हो ।

उल्लिखित १० वटा विषयक्षेत्रहरुको लागि जम्मा १०० वटा सूचक निर्धारण गरिएको भएतापनि सूचकको संख्या स्थानीय तहको कामको जिम्मेवारी, विषयको गहनता र आवश्यकताको आधारमा निर्धारण गरिएकोले विषयक्षेत्र अनुसार सूचकहरुको संख्या फरक रहेको छ । प्रत्येक सूचकको अधिकत्तम अंक १ निर्धारण गरिएको छ । स्वमूल्याङ्कन वस्तुगत बनाउन तीन वटै तहको अंकभार फरक फरक निर्धारण गरिएको छ । तीन तहका सूचकहरुलाई देहाय अनुसार अंकभार निर्धारण गरिएको छ । समग्र स्थितिका लागि२० % अंकभार, प्रक्रियागत स्थितिका लागि ३५ % अंकभार र परिमाणत्मक स्थितिको लागि ४५ % अंकभार रहेको छ ।

समग्र स्थिति अन्तर्गत प्रत्येक सूचकको लागि ४ वटा अवस्था राखिएका छन् । ४ वटा अवस्था मध्ये मूल्यांकनकर्ताले आफ्नो कार्यालयबाट सम्पादित भएका कामले देखाएको नजिकको अवस्थालाई छनौट गर्नुपर्नेछ । अवस्था १ को लागि ०.२५ अंक, अवस्था २ को लागि ०.५ अंक, अवस्था ३ को लागि ०.४ अंक र अवस्था ४ को लागि १ अंक निर्धारण गरिएको छ ।प्रकृयागत स्थिति अन्तर्गत प्रत्येक सूचकको लागि ३ वटा अवस्था राखिएका छन् । ३ वटा अवस्था मध्ये मूल्यांकनकर्ताले आफ्नो कार्यालयबाट सम्पादित भएका कामको अवस्थालाई छनौट गर्नुपर्नेछ । यस क्षेत्रमा कमजोरको लागि ०.३० अंक, सामान्यको लागि ०.६० अंक र उत्तमको लागि १ अंक निर्धारण गरिएको छ ।परिमाणात्मक स्थिति अन्तर्गत प्रत्येक सूचकको लागि ३ वटा अवस्था क्रमशः कमजोर, सामान्य र उत्तम राखिएका छन् । स्थानीय तहले कार्यालयको अभिलेख, निर्णय, प्रकाशन आदिमा उल्लेखित सम्पादित भएका कामले देखाएको नतिजाको आधारमा एउटा अवस्था छनौट गर्नुपर्नेछ । यस क्षेत्रमा कमजोर अवस्थालाई ०.३० अंक, सामान्य अवस्थालाई ०.६० अंक र उत्तम अवस्थालाई १ अंक निर्धारण गरिएको छ ।

यस स्वमूल्याङ्कन प्रकृयाले पहिचान गरेको संस्थागत क्षमताको अवस्था र उक्त अवस्थामा सुधार ल्याउन तयार गरिने कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित गाउँपालिकाहरुको प्रतिवद्धता, केन्द्र सरकार, प्रदेश तथा तथा गाँउपालिकमा विधि सम्मत तरिकाले कार्यरत सहयोगी संस्थाहरु बाट पनि अपेक्षा गर्नु वान्छनिय देखिन्छ ।

## १.३ स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको उद्देश्य

यस कार्यको प्रमुख उद्देश्य निम्न बमोजिम छ :

(क) स्थानीय सरकारको क्षमता सम्वन्धमा स्वमूल्याङ्कन गर्ने ।

(ख) निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरु लगायतका सबैको संस्थागत तथा सांगठनिक क्षमता लेखाजोखा गर्ने ।

**(ग)** स्थानीय सरकारले गरेका राम्रा अभ्यास, प्रयास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै सुशासन प्रवर्द्धन गर्न सुधारात्मक पक्ष तथा चुनौतिको पहिचान गर्ने ।

**(घ)** स्थानीय सरकारको वित्तीय साधनहरूको उपयोग मितव्ययि एवं दक्षतापूर्ण रुपमा सुधारात्मक पक्ष तथा चुनौतिलाई सम्वोधन गर्न रणनीतिगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

## १.४ स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको कार्यक्षेत्र

स्थानीय सरकारहरूको शासन प्रणालीको सुदृढीकरण र स्थानीय सरकारको सेवा प्रवाहको दक्षता सुधार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मार्गदर्शन सहित स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (लिसा)

सम्बन्धी औजारको विकास गरेको छ । यसले स्थानीय सरकारलाई समग्र रूपमा आफ्नो कार्य जिम्मेवारी बुझ्न र उनीहरूको आफ्नै कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन तथा क्षमता फरक वा कमजोर रहेको अवस्थामा क्षमता अभिबृद्धिका कार्यक्रमहरूको कार्यान्वयन आफ्नै प्रयासमा गर्नका साथै सङ्घीय र प्रदेश सरकारलाई समेत स्थानीय तहहरूको यस प्रयासमा नजिक ल्याउन सहयोग पुऱ्याउँछ । यसका अलावा, स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको माध्यमबाट स्थानीय सरकारको अवसर तथा चूनौतिहरूको पहिचान गर्न सहयोग पुग्दछ । यसको सम्बोधनका लागि मन्त्रालयको आफ्नै प्रयासमा यसको केही गाउँपालिका तथा नगरपालिकाहरूमा लिसाको सफल नमूना परीक्षण (पाइलटिङ्ग) समेत सम्पन्न गरिसकेको छ । जसको परिणामस्वरूप, स्थानीय सरकारहरूमा व्यवस्थित रूपमा क्षमता विकास सम्बन्धी योजना बनाउने र कमजोर क्षमता भएका कार्यक्षेत्रहरू पहिचान गरी सोको क्षमताविकासको कार्ययोजना सहित सम्बोधन गर्ने, विकास परियोजनाहरुको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, सेवाहरुमा नागरिकको पहुँच बृद्धि गर्ने र यसका लागि आवश्यक स्रोतको व्यवस्था समेत गर्ने रणनीतिको तर्जुमा गर्ने परिपाटीको विकास भईसकेकोछ ।

यस मुल्याङ्नको नतिजाले नौकुण्ड गाउँपालिका र यस गाउँपालिकामा काम गर्ने विकास साझेदार सस्थाहरुलाई अगामी दिनमा स्थानीय तह संस्थागत क्षमता बिकासको क्षेत्रमा सहकार्य गर्न सहयोग पुग्ने छ ।

यो प्रतिवेदन वाग्मती प्रदेश अन्तर्गत रसुवा जिल्लाको नौकुण्ड गाउँपालिका सँग सम्बन्धित छ । यस प्रतिवेदनमा नौकुण्ड गाउँपालिकामा सङ्कलन गरिएका सूचनाहरू, छलफल गरिएका विषयहरू, निश्कर्ष र निचोडहरू तथा अन्तरक्रियाबाट आएका बिश्लेषणका परिणामहरू प्रस्तुत गरिएको छ ।

माथिका कुराहरु अभिव्यक्त गर्न निम्न विषय वस्तुहरुलाई पनि ध्यान दिइयो ।

(क) गाउँपालीकाका पदाधिकारी, कर्मचारी तथा सम्वन्धित सरोकारवालाहरुलाई अभिमुखिकरण

(ख) क्षमताको स्वमूल्याङ्कन

(ग) सुशासनको अभ्यासमा कमि तथा चुनौतिहरुबारे बुझाई

(घ) सिकाईहरु

(ङ) यसबाट आउने असरहरु

## १.५ स्वमूल्याङ्कन कार्यका सिमाहरु

यस संस्थागत स्वमूल्याङ्कन गतिविधि संचालन गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारवालाहरुसंगको अन्तरक्रियात्मक कार्यशाला, मूख्य मूख्य जानिफकारहरु संगको अन्तर्वार्ता, सवल तथा कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण र अभिमुखीकरण जस्ता विधिहरू अपनाईएको थियो । प्राप्त गरिएका र बिश्लेषण गरिएका सवै सुचनाहरूको बिश्लेषण सहभागितामूलक विधि मार्फत गरिएको थियो । यसरी सुचनाहरूको संकलन तथा विश्लेषणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको संस्थागत स्वमूल्याङ्कन बिधिको प्रयोग गरिएको थियो ।

## २. संस्थागत स्व मूल्याङ्कनको अध्ययन विधि

### २.१अध्ययन बिधि

स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन विधिका लागि प्राथमिक स्रोतबाट संकलन गरिएका तथ्याङ्कको प्रयोग गरिएको छ । यसका लागि, गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिकहरूसंग समेत अन्तरक्रिया, शाखागत रूपमा र अन्य व्यक्तिहरूसंग समेत बेग्लाबेग्लै निर्दिष्ट समूह छलफल (focus group discussion), सहभागितात्मक कार्यशाला गोष्ठीको आयोजना गरी सुचना संकलन तथा बिश्लेषण समेत गरिएको थियो । यसरी संकलन तथा विश्लेषण गरिएको सूचनालाई गाउँपालिकासँग भएका तथ्यहरुसँग रुजु गरी गराई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सफ्टवेयरमा onlineमा प्रविष्ट गरी तथ्याङ्कको सत्यता समेत परीक्षण गरिएको थियो । संस्थागत स्वमूल्याङ्कनका लागि निम्न विषय समेटीएको थियो ।

१. शासकीय प्रबन्ध

२. संगठन तथा प्रशासन

३. बार्षिक बजेट तथा योजना व्यवस्थापन

४. वित्तीय एवं आर्थिक व्यवस्थापन

५. सेवा प्रवाह

६. न्यायिक कार्य सम्पादन

७. भौतिक पूर्वाधार

८. सामाजिक समावेशीकरण

९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

१०. सहकार्य र समन्वय

यसै गरी संस्थागत स्वमूल्याङ्कनका लागि अतिरिक्त (थप) सुचकका लागि निम्न विषय समेटीएको थियो ।

१.कार्य जिम्मेवारीमा स्पष्टता र दीर्घकालिन सोंच, परिकल्पना र योजना

२. संगठन तथा व्यवस्थापन

३. मानव संशाधन विकास

४. योजना व्यवस्थापन

५. वित्त व्यवस्थापन

६. आर्थिक प्रशासन

७. सेवा प्रवाह व्यवस्थापन

८. आन्तरिक तथा वाह्य समन्वय

९. सार्वजनिक जवाफदेहिताको ब्यवस्थापन

१०. ज्ञान व्यवस्थापन

तथ्याङ्क संकलनकालागि मिति २०७६ पुष ६ गते देखि १० गते (22nd – 26th December, 2019)सम्म ऐ.के.आर. विज्ञ परामर्श सेवा सर्भिस काठमाण्डौंका विज्ञ प्रविधिकहरू सहितको टोलीले नौकुण्ड गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत, गाउँपालिका अन्तरगतका शाखाप्रमुखहरू र कर्मचारीहरूको सामुहिक उपस्थितिमा तथ्याङ्कको सामुहिक संकलन तथा सहभागितात्मक तवरले बिश्लेषण एवं स्वमूल्याङ्कनकार्यमा सहजिकरण गरेको थियो ।

स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन लागि सम्बन्धित गाउँपालिका तथा पूर्णिमा परियोजनासँगको पूर्व सहमति अनुसार प्रत्येक गाउँपालिकामा ५ दिनकालागि विभिन्न गतिविधिहरूको खाका बनाई सञ्चालन गरिएको थियो ।

जस अनुसार परिचयात्मक कार्यक्रम अन्तरगत पाँच दिने कार्यक्रमको तालिका तथा स्व-मुल्याङ्नका औचित्य तथा उद्देश्य गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनाका साथै कार्यक्रमको तालिकामा सहमति गराईएको थियो । साथै लिसा सफ्टवेअरमा पहूँचका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पि.एल.जि.एस.पि.) कार्यक्रममा Users ID का लागि औपचारिक अनुरोध गर्न समेत सहजीकरण गरिएको थियो ।

स्वमूल्याङ्कन पूर्व गरिएको अनुशिक्षणको (Orientation) क्रममा स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको महत्व, विधि, औचित्य, उद्वेश्य, स्वमूल्याङ्कनका कानुनी आधारहरू, र विषयगत क्षेत्र तथा सुचकहरूका बारेमा बिस्तृत रुपमा प्रस्तुति तथा

छलफल गरिएको थियो । यसको साथै विभिन्न सुचकहरूको अवस्था तथा तीनको अंकभार र नतिजा विश्लेषणका बारे उदाहरण सहित प्रष्ट गराईएको थियो । यसका अलावा जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्य सम्पादनमा प्रभावकारिता ल्याउनको लागि व्यक्तिगत कार्यविवरण, कार्यसम्पादनका क्रममा भोगिएका समस्या तथा चुनौतीहरू र आफ्नो जिम्मेवारी अनुसारको कार्य सम्वादनमा प्रभावकारिता ल्याउन क्षमता अभिवृद्धिका आवश्यक प्रशिक्षण आदि विश्लेषणका लागि प्रत्येक जनप्रतिनिधि तथा कर्मचारीहरूलाई व्यक्तिगत तालिम अवश्यकता फाराम वितरण तथा सङ्कलन गरिएको थियो ।

कार्यशालाको क्रममा सहभागीहरूले गाउँपालिकाको बिगतका कामको समीक्षा तथा आउँदा दिनमा समग्र विकासका लागि प्रमुख संभावनाहरुका आधारहरूको आँकलन गर्दै १२ वटै विषयगत क्षेत्रभित्रको सबल पक्ष, कमजोर वा सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिहरूको विश्लेषण गरिएको थियो । मूल्याङ्कन कै क्रममा सहभागीहरूले १५० वटै सुचकहरूमा गहन छलफल गरि प्रमाणीकरणका आधारमा गाउँपालिकाको अवस्था विश्लेषण गरिएको थियो ।

यसरी मूल्याङ्कन अवधिमा पत्ता लागेका सबल पक्षको निरन्तरताका साथै अपेक्षित अवस्थासम्म पुग्नका लागि देखिएका अन्तर र सुधारात्मक पक्ष समेतको आधारमा रणनीतिक कार्ययोजना तयार गर्न क्रियाकलापहरु निश्चित गरी सोको कार्यान्वयन को लागि २ बर्षको अनुमानित बजेट, कार्यान्वयन वर्ष र कार्यान्वयनको जिम्मेवारी, अनुगमनकर्ता, र संभावित स्रोत सहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरुको तर्जुमा गर्न गाउँपालिकालाई सहजीकरण गर्ने काम सम्पन्न गरिएको थियो ।

### २.२ अध्ययन क्षेत्र

स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनका लागि पूर्णिमा परियोजनाले रसुवा जिल्लाको नौकुण्ड गाउँपालिकालाई पनि चयन गरेको थियो । यस नौकुण्ड गाउँपालिका साविक यार्सा, सरमथली, र भोर्ले गाविसलाई समायोजन गरी बनाइएको हो तथा छ वडामा बाडिएको योगाउँपालिकाको क्षेत्रफल १२६.९९ वर्ग कि.मी. तथा जनसंख्या ११,८२४ छ । यसको पूर्वमा गोसाइकुण्ड गाउँपालिका र नुवाकोट जिल्ला, पश्चिममा कालिका गाउँपालिका, दक्षिणमा, नुवाकोट जिल्ला र उत्तरमा गोसाइकुण्ड गाउँपालिका पर्दछ । खेती योग्य जमिन, जङ्गल क्षेत्र, जल श्रोत आदिले यस गाउँपालिकालाई प्राकृतिक श्रोतको धनी बनाएको छ  तर निर्वाहमुखि कृषि, अपर्याप्त सडक सञ्जाल, वाल विवाह, युवा जनशक्तिको विदेश पलायन जस्ता कुरा गाउँपालिकाका चुनौति हुन् । नौकुण्ड गाउँपालिकाको दूरदृष्टिको नारा "नौकुण्डको  विकासको आधारशीलाः कृषि, पर्यटन तथा पूर्वाधार" रहेको छ । नौकुण्ड गाउँपालिकाले आफ्नो वेभसाइट अद्यावधिक गर्ने गर्दछ र विस्तृत जानकारी http://www.naukundamun.gov.npमा पाइनेछ ।




### २.३ कार्य जिम्मेवारीमा सहमति निर्माण एवं कार्यान्वयन

स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनका लागि पूर्णिमा परियोजना र परामर्शदाताहरूका बीचमा समान बुझाई, समान प्रक्रिया संचालन र समान परिणाम हासिल गर्नका लागि साझा समझदारी निर्माण गर्न बैठकहरू सम्पन्न भएका थिए । यसबाट विषयगत क्षेत्रहरूको निर्धारण, सूचकहरूको निर्माण, मूल्याङ्कनको प्रक्रिया र अपेक्षित परिणामहरूबारेमा साझा सहमति तय गरिएको थियो । तत् पश्चात् स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन (लिसा) प्रक्रिया अगाडि बढाउन परियोजनाको सहयोगमा गाउँपालिकाहरूसँग समन्वय स्थापित गर्ने प्रयास भयो । यसको साथसाथै संस्थागत स्वमूल्याङ्कनको परिणामलाई लिसा सफ्टवेयरमा अनलाइन प्रबिष्ट गर्नकालागि MoFAGA/PLGSP सँग पूर्वस्वीकृत लिने काम समेत सम्पन्न गरियो ।

### २.४तथ्याङ्क संकलन

तथ्याङ्क सङ्कलनका क्रममा विद्यमान प्रकाशित, अप्रकाशितसूचनाहरु गा.पा.बाट ग्रहण गर्ने, लक्षित वर्ग संग छलफल, विशेष जानकारी राख्नेव्यक्ति संग छलफल लगायत विभिन्न विधि प्रयोग गरिएको थियो ।

स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन कार्यविधिको प्रस्तुति अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वार्ड अध्यक्ष लगायत निर्वाचित पदाधिकारी तथा सबै कर्मचारीको सकृय तथा उत्साहप्रद उपस्थिति रहेको थियो ।

सबल पक्ष, कमजोर (सुधार गर्नुपर्ने क्षेत्र), अवसर र चुनौतिको विश्लेषण गर्दा सहभागितात्मक रुपमा विश्लेषण गरिएको थियो । तत्पश्चात् सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण, संस्थागत विश्लेषण तथा छलफलमा आधारित रही कार्य योजना निर्माण गरिएको थियो ।

संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखामा अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत, वार्ड अध्यक्ष लगायत सबै निर्वाचित पदाधिकारी तथा कर्मचारी संग भएको छलफलबाट आएका विषय वस्तुहरु समेटियो । दुवै विषय संस्थागत क्षमता लेखाजोखा तथा वैयक्तिक क्षमता लेखाजोखा कार्य सम्पन्न गरियो ।
तत्पश्चात् सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण, संस्थागत विश्लेषण तथा छलफलमा आधारित रही कार्य योजना निर्माण गरिएको थियो ।

### २.५ तथ्याङ्क विश्लेषण तथा नतिजा प्रस्तुति

सामुहिक रूपमा तथ्याङ्कको संकलन तथा गाउँपालिकामा विद्यमान प्रमाणहरूका आधारमा सहभागितात्मक तवरले गरिएको स्वमुल्याङ्कनवाट आएको नतिजालाई विषयक्षेत्रगत हिसावले तालिका तथा माकुरी जालो चित्र मार्फत प्रस्तुत गरिएको छ। यस माध्यमबाट परिणामहरूको स्पष्ट रूपमा तुलना गरी प्रस्तुत गरिएको छ ।

### २.६ अनुसरण (follow up)

संस्थागत वमूल्याङ्कनको प्रक्रिया पूरा भएपछि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाले कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन नै नभएका तथा कार्यान्वयन गर्न सुरु गरिएको भएतापनि संस्थागत हुन नसकेका र कमजोर देखिएका क्रियाकलाप तथा गतिविधिहरू पहिचान गरिएका थिए । यसरी पहिचान गरिएका गतिविधिहरू संचालन गर्न र गाउँपालिकाको क्षमता अभिबृद्धि गर्नका लागि २ वर्षे रणनीतिक कार्ययोजनाको तर्जुमा गर्न गाउँपालिकालाई सहजीकरण गरिएको थियो । यस्तो रणनीतिक योजनामा पहिचान गरिएका गतिविधिहरू सञ्चालनका लागि आबश्यक बजेट, कार्यान्वयनको जिम्मेवारी, समयसीमा, र अनुगमन संयन्त्रको उल्लेख गरिएको छ । कार्ययोजनाको कार्यान्वयन स्थितिको अनुगमनको बारेमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत, पालिका अन्तरगतका शाखाप्रमुखहरूसँग एक समझदारी भएको थियो । जसमा, गाउँपालिका र पूर्णिमा परियोजना दुबैको टोलीले समन्वय र अनुगमनका लागि नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## ३. नतिजा र निश्कर्ष

### स्वमूल्याङ्कनको भूमिका

यस कार्यपालिका (लेखाजोखामा) स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनका दश विषयगत क्षेत्रका १०० सुचक तथा यी सुचकका परिपोषकका रुपमा साविकका बिषय क्षेत्रमा थप गरिएका ४० र थप दुई विषय क्षेत्रका १० गरी जम्मा १५० सुचकहरुमा विश्लेषण तथा छलफलबाट स्थानीय तहको विद्यमान अवस्थाबाट तथा अपेक्षित अवस्थामा पुग्नको निमित्त मार्ग निर्देशन हुनेगरी आवश्यक सुधारात्मक पक्षका बारेमा जनप्रतिनिधि तथा कर्मचारी बीचको सामुहिक छलफलबाट बोध गराईएको थियो । सामुहिक रुपमा महशुस गरिएका कारण मूल्याङ्कनको नतिजा तथा रणनितिक कार्ययोजनालाई संस्थागत रुपमा अपनत्व प्रदान गर्नुका साथै कार्ययोजना कार्यान्वयन गर्न गाउँपालिकाको प्रतिबद्धता कायम गर्न सघाउ पुग्न गएको थियो ।

### ३.१ परामर्श बैठकका नतिजाहरु

औपचारिक रुपमा अनुशिक्षण तथा लेखाजाखा कार्यशालाका बाहेक परामर्शदाता टोलीले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडा अध्यक्ष तथा कार्यालयका विभिन्न शाखाहरुसँग छुट्टा छुट्टै गरिएका छलफल तथा अन्तरकृया मार्फत अवस्था विश्लेषणका लागि आवश्यक तथ्याङ्क तथा सुचना संकलन गरिएको थियो । साथै गाउँपालिकाका विभिन्न उपभोक्ता समिति र अन्य सरोकार पक्षसँग छलफल गरि सेवा प्रवाहको संक्षिप्त अवस्थाबारे धारणा बनाउन सहयोग पुगेको थियो । छलफलका मुख्य बुँदाहरु निम्न अनुसार रहेको पाईयो ।

**तालिका १: परामर्श बैठकका उपलब्धीहरु**

| छलफलका सहभागि | छलफलका उपलब्धिहरु |
|---|---|
| (क) अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत | • कानुनले व्यवस्था गरेका समिति तथा विषयगत समितिहरूको गठन भएकाछन् । तर न्यायिक समितिबाहेक अरु समितीहरूले आंशिक रूपमा कार्य गरेका छन् ।<br>• गाउँपालिकालाई आबश्यक भए अनुसार ऐन, नियम कार्यविधि , र निर्देशिकाहरूको तयार गरिएको ।<br>• कर्मचारीहरुको आगमन भईरहेपनि केहि आवश्यक पदहरुमा अझै कर्मचारीहरुको अभाव रहेको ।<br>• विषयगत शाखा तथा ईकाईहरु क्रियाशिल रहेको तर आवश्यक कर्मचारीहरुको उपलब्धता भने नरहेका र एकजना कर्मचारीलाई एक भन्दा बढी शाखा वा ईकाईका लागि जिम्मेवारी तोकिएको ।<br>• वार्षिक योजना र बजेट समय सिमा भित्रै तयार गरिन्छन् र अनुमोदित पनि हुन्छ तर निर्देशिकामा उल्लेखित सातै चरणहरूको पूर्ण अनुशरण गर्न अझै बाँकि छ ।<br>• आन्तरिक राजस्व ज्यादै नै कम रहेको छ । गा.पा.ले आन्तरिक स्रोतहरू बृद्धि गर्ने कार्य गर्न अझै बाकि छ ।<br>• माग, प्राथमिकता, योजना तथा परियोजना अनुसार सेवाप्रवाह हुने गरेको ।<br>• न्यायिक समितिले राम्रोसँग काम गरिरहेको छ, यद्यपि सामुदायिक मध्यस्थता केन्द्रमा पूर्वाधार र क्षमता विकास सम्बन्धी र सामुदायिक मध्यस्थकर्ताहरुलाई आधारभूत तथा पुनर्ताजगि प्रशिक्षण अझै आवश्यक रहेको छ ।<br>• गाउँपालिकाको धेरैजसो स्रोत भौतिक पूर्वाधारको लागि छुट्याइएको छ । सडक परियोजनाहरु बिशेषगरी वडासंग जोड्ने सडकहरुलाई उच्च प्राथमिकतामा राखिएको छ ।<br>• गाउँपालिकाको क्षमता बिकास योजना तर्जुमा गर्न बाँकी रहेको । |
| **(ख) समावेशि कार्यपालिकाका सदस्यहरु (महीला, दलित, जनजाति )** | • गाउँपालिकामा विभिन्न समितिमा सदस्यको रूपमा काम गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।<br>• कार्यपालिका बोर्ड बैठकमा नियमित रूपमा भाग लिएतापनि कतिपय सदस्यले विषयवस्तुमा तर्क राख्न सक्दैनन् ।<br>• वडाअध्यक्ष र सदस्यहरूसंसंगै सम्बन्धित वडामा वडास्तरिय परियोजनाहरू, विद्यालय, र स्वास्थ्य चौकीहरूको अनुगमनमा संलग्न हुने गर्दछन् ।<br>• बिषयगत समितिहरू बनेतापनि त्यति कृयाशिल नभएको । |

| छलफलका सहभागि | छलफलका उपलब्धिहरु |
|---|---|
| | • वडाध्यक्ष तथा सदस्यहरु वडास्तरिय कार्यक्रमखासगरि स्कूल, स्वास्थ्यचौकि आदिको अनुगमनमा संलग्नहुने गरेको ।<br>• कार्यपालिका सदस्यहरूलाई  बिशेषगरी गाउँ पालिकाको प्रवक्ता, विषयगत समितिका सभापति जस्ता ठूला जिम्मेवारीहरू दिइएको छैन ।<br>• वडाध्यक्ष तथा मनोनित सदस्यहरु विच विभेद देखिने । वडाध्यक्षहरुले धेरै अधिकार र अवसर पाउने तर मनोनित सदस्यहरु सहभागिताका लागि सहभागि हुने जस्तो मात्र भएको ।<br>• आफ्नो भूमिका र जिम्मेवारीवारे धेरैजसो सदस्यहरु जानकार नरहेको ।<br>• बजेट विनियोजन प्रकृयामा संलग्नहुने गरेको ।<br>• बैठकको सूचना तथा विषयवस्तुहरु बैठकभन्दा अगावै पठाउने व्यवस्था नरहेको । |
| **(ग) वडाध्यक्षहरु** | • वडा अध्यक्षहरूलाई गाउँपालिकामा नीति निर्माण र वडा स्तरमा नागरिकलाई सेवा प्रदान र विकासका कामहरू संगसंगै गर्नुपर्ने हुंदा प्रशस्त चुनौतीहरूको सामना गर्नु परेको छ ।<br>• वडाअध्यक्षको भूमिका बाहेक शिफारिस जस्ता कार्यले धेरै समय लिएको ।<br>• आवश्यक प्राविधिक कर्मचारी नभएको कारण योजनाको गुणस्तरियता मापन गर्न कठिनाई भएको ।<br>• नागरिक भेटघाटमा बढी समय जाने हुँदा विकास योजना तथा अन्य सेवा प्रवाहमा समय व्यवस्थापन गर्न कठिनाई भएको<br>• आवश्यक कागजात विना पनि शिफारिसका लागि दवाव दिने कार्य ।<br>• अनुगमन सूचक विना पनि अनुगमन गरिने हुँदा अनुगमन त्यति प्रभावकारी नभएको तथा प्राविधिकलाई समेत यसले अप्ठेरोमा पारेको<br>• निर्वाचित पदाधिकारी र कर्मचारी बीच अझ राम्रो समन्वय गर्नुपर्ने<br>• प्रदेश सरकार तथा कहिले काहिं गाउँपालिकाले समेत योजना कार्यान्वयन गर्दा वडा कार्यालयसँग समन्वय नगरेको । |
| **(घ) शाखा तथा ईकाईहरु** | • सेवा प्रवाह प्रभावकारी रहेको ।<br>• सुरुका अवस्थामा स्थानीय सरकार सञ्चालनमा केहि कठिनाई भएता पनि प्रायः समाधान भएको ।<br>• माग अनुसार योजना तथा परियोजना निर्माण हुने गरेको ।<br>• विभिन्न शाखा तथा निर्वाचित पदाधिकारी बीच राम्रो समन्वय रहेको ।<br>• कर्मचारीको क्षमता विकास गर्नु पर्ने ।<br>• दरवन्दी अनुसार कर्मचारी कम भएको ।<br>• कृषि, पशु, पर्यटन लाई अझै प्राथमिकता दिनुपर्ने । |
| **(ङ) नागरिक समाज समूहहरु** | • गाउंपालिकाले साधारणतया नागरिक समाजलाई वार्षिक योजनातर्जुमा कार्यक्रमखास गरी वस्ति तथा वडास्तरीय भेलाहरुमा सहभागिताकालागि निमन्त्रणा गर्दछ ।<br>• योजना कार्यान्वयनतहमा वस्तिस्तरीय भेलाहरुको आयोजना गरिन्छ उक्त समयमा उपभोक्ता समितिको गठनगर्ने कार्य हुन्छ ।<br>• विशेषकार्यक्रमतथा बजेट महिला लक्षित गरी विनियोजन गरिन्छ तर ठूला परियोजनाको उपभोक्ता समितिमा महिलाहरुको प्रतिनिधित्व विशेष पद जस्तै अध्यक्षमा हुने गरेको छैन । |

### ३.२ गाउँपालिकाको सबल पक्ष,कमजोर पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण

**तालिका २: सबल पक्ष,कमजोर पक्ष,अवसर तथा चुनौती विश्लेषण नतिजा**

| विषय | सवल पक्ष | सुधार्नु पर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| **शासकीय प्रबन्ध** | ● स्थानीय ऐन निर्माण तथा कार्यान्वययन<br>● नीति कार्यक्रम तथा बजेट राम्रो नै रहेको<br>● लेखा प्रणालीको अनलाइन प्रकृयाको प्रयोग<br>● ऐन, नियम तथा कार्यविधि निर्माणमा समावेशि सहभागितात्मक रहने गरेको | ● समयमै कार्यकारी मिटिङ हुन अलि नसकेको<br>● आवश्यक सबै क्षेत्रमा बन्नु पर्ने ऐन, नियम, कार्यविधि निर्माण भई नसकेको<br>● समयमै कार्यपालिकाको बैठक समय तथा एजेण्डा बारेमा संधै जानकारी हुने नगरेको<br>● कार्य विभाजन स्पष्टरुपमा हुन नसकेको | ● कार्यपालिका बैठकमा अनेक समस्याको बावजुद पनि अधिकांस सदस्यहरुको सहभागिता रहने गरेको<br>● कार्यविधि, ऐन, नियम आदिको उपलब्धता | ● जनचेतनाको कमि<br>● श्रव्यदृष्यबाट राम्रो सिकाई अफै प्रसार गर्न नसकिएको<br>● प्राविधिक तथा भौगोलिक समस्याका कारण कार्य पालिका बैठक, एजेण्डा आदिका बारेमा समयमै जानकारी गराउनु<br>● बनी सकेको ऐन, नियम तथा कार्यविधिको कार्यान्वयन |
| **संगठन तथा प्रशासन** | ● संगठन संरचना अनुसार विषयगत शाखाहरुको स्थापना भएको<br>● गा.पा.का कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई नियमितरुपमा तालिमहरु उपलब्ध हुने गरेको | ● विषयगत शाखामा पर्याप्त कर्मचारी अभाव<br>● कर्मचारी र जनप्रतिनिधिहरु बीच कार्यविभाजन नभएको<br>● प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा बीच कार्य सम्पादन सम्झौता नभएका | ● लोक सेवा आयोगबाट दरबन्दी अनुसार आवश्यक कर्मचारी पदपूर्ति उपलब्ध हुने कम रहेको | ● कार्यालय प्रमुख र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गर्नु |
| **वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन** | ● वार्षिक कार्यक्रम तथा बजेट आवधिक योजना तयार भएको<br>● योजना तर्जुमा गर्दा चरणबद्धरुपमा नियम अनुसार योजना निर्माण गर्ने गरेको | ● समय सिमा भित्र बजेटको प्रस्तुति तथा स्विकृति हुन नसक्नु | ● उपभोक्ता समिति र गै.स.स. मार्फत कार्यान्वयन हुने आयोजनामा लागत साझेदारी हुने गरेको<br>● प्राथमिकताको योजना<br>● बजेट तथा योजना तर्जुमा प्राथमिकिकरणको आधारमा कार्य गर्दा लक्षित वर्गको पहिचान | ● दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्नु<br>● वार्षिकरुपमा राजश्वको उल्लेखनीय वृद्धि गरी कूल वार्षिक बजेटमा आन्तरिक आयको वृध्दि गर्नु |
| **वित्तीय एवं आर्थिक** | ● पहिलो बर्षको अनुपातमा दोश्रो वर्षमा राजश्व संकलन बृद्धि | ● प्रदेश सरकारबाट प्राप्त बजेटको सम्बन्धित क्षेत्रमा परिचालन गर्न | ● राजस्व सुधार कार्ययोजना निर्माण तथा कार्यान्वयन | ● आवश्यक कर्मचारी उपलब्ध नहुनु । |

| विषय | सवल पक्ष | सुधार्नु पर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| व्यवस्थापन | भएको ।<br>● आन्तरिक राजस्वका श्रोत पहिचान गरि परिचालन गरिएको | नसकिएको<br>● आयव्ययको विवरण निर्धारित समयमा सार्बजनिक गर्न नसकिएको । | ● जडिबुटि, पर्यटकिय स्थलको पहिचान, होटल तथाहोमस्टे संचालनगरि आर्थिक लाभलिन सकिने । | |
| सेवा प्रवाह | ● २६ नीतिहरु निर्माण<br>● भौतीक पूर्वाधारको अभाव भएतापनि आम नागरिकलाई प्रवाह गर्नु पर्ने सेवा प्रदान गरिएको ।<br>● समय समयमा सार्वजनिक सुनुवाईको कार्यक्रम मार्फत पारदर्शिता कायम गर्न खोजिएको । | ● भौतिक पूर्वाधार, कर्मचारी अभावको कारण उपयुक्त समय र स्थान सेवाप्रवाह गर्न नसकीएको । | ● सेवामा सूचना प्रविधि प्रयोग गर्ने बढी सम्भाव्यता | ● निर्माण गरिएका नीतिको असरयुक्त कार्यान्वयन । |
| न्यायिक कार्य सम्पादन | ● न्यायिक समितिबाट गरिएको निर्णयलाई प्राथमिकताको साथमा ग्रहण गरिएको । | ● न्यायिक समितिमा आवश्यक कर्मचारीको अभाव । | ● गोपनियता कायम गर्न सकिने<br>● दुवै पक्षको हित अनुकूलको निर्णय गरिनु (win win situation) | ● आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु र व्यवस्थापन गर्नु । |
| भौतिक पूर्वाधार | ● कृषिको सम्भाव्यता तथा यसको आधुनिकिकरण ।<br>● सडकको विकास तथा विस्तारमा निरन्तरता<br>● विद्युतिकरण ।<br>● खानेपानीको पहुँच ।<br>● सञ्चार विकास तथा विस्तार<br>● आवास पुनर्निर्माण | ● पूर्वाधारमा दीर्घकालिन योजनाको अभाव ।<br>● क्षतिग्रस्त खा.पा. योजना मर्मत सम्भार नहुनु ।<br>● पिडितको गुनासो सम्वोधन नभएको । | ● सम्पूर्ण वडामा सडक विस्तार गर्ने । | ● पर्याप्त बजेटको अभाव ।<br>● भौगोलिक विकटता ।<br>● दक्ष संशाधनको अभाव ।<br>● पूर्वाधार निर्माणका ऐन, नियम कार्यान्वयन नहुनु ।<br>● दीगो र अपांगमैत्रि भौतिक । संरचनाको निर्माण गर्न गराउन नसक्नु । |
| सामाजिक समावेशिकरण | ● सामाजिक सुरक्षा भत्ता वितरण | ● सबै वृध्द वृध्दाहरुको सही पहिचान हुन नसक्नु<br>● लैंगिक विभेद तथा छुवाछुत, अन्धविश्वासलाई न्यूनिकरण गर्न नसक्नु | ● लक्षित वर्गको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्थापन | ● जनतामा चेतनाको कमि<br>● सहि तथ्यांक संकलन, परिचय पत्र निर्माण तथा वितरण गर्ने<br>● कानुन तथा कार्यविधि निर्माणको जनशक्तिको अभाव |

| विषय | सवल पक्ष | सुधार्नु पर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| | | | | |
| **वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | • आपतकालीन कोषको व्यवस्था ।<br>• विपद् व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण ।<br>• सुधारिएको चुलो प्रयोग कार्यक्रम निर्माण । | • वतावरण तथा विपद व्यवस्थापन सम्वन्धि कार्यक्रममा विनियोजित बजेट खर्च हुन नसकेको ।<br>• सुधारिएको चुलो सबै वडाहरुमा संचालन हुन नसकेको । | • आपतकालीन कोषमा थप बजेट व्यवस्थापन र कार्यविधि निर्माण ।<br>• विपदव्यवस्थापन र वातावरण संरक्षणको लागिकार्यक्रम संचालन।<br>• प्लाष्टिक मुक्त र धुंवा रहित गा.पा. घोषणा । | • भौगोलिक विकटता कारण कार्यक्रम कार्यान्वयन गर्न गाह्रो हुनु ।<br>• जनचेतना र जनशक्तिको अभाव ।<br>• बन फंडानी रोकथाम ।<br>• छाडा चौपाया व्यवस्थापन ।<br>• खुल्ला डढेलो रोकथाम । |
| **सहकार्य र समन्वय** | • अन्तर स्थानीय निकाय पर्यटन सेवाको सम्भावना । | • श्रोतको दीगो प्रयोगका लागि अन्तर स्थानीय समन्वयको कमी ।<br>• सबै संघ संस्थाहरुको परिचालन हुन नसक्नु ।<br>• नीजि क्षेत्रको लगानिको वातावरण अझै कमजोर | • पर्यटन सेवाको सम्भावना ।<br>• जडिबुटीको उत्पादन । | • जनतामा चेतनाको कमी ।<br>• जनशक्तिको अभाव । |
| **सार्वजनिक जवाफदेहिता व्यवस्थापन** | • सार्वजनिक सुनुवाई सञ्चालन गरिने गरेको ।<br>• सेवा प्रवाहबाट नागरिकहरु केहीहदसम्म सन्तुष्ट | • गुनासो सुनुवाईको व्यवस्था हुन बाँकी ।<br>• सामाजिक जवाफदेहिता व्यवस्थापन राम्रो संग नगरिएको | • सुचनामा जनताको पहुचको वृध्दि । | • कृयाकलापमा जनसहभागिताको कमि हुन सक्ने ।<br>• जन चेतनाको कमी । |
| **ज्ञान व्यवस्थापन** | • कानून बन्ने प्रकृयाका अभिलेख राम्रो संग राखिएको । | • समग्रमा अभिलेख व्यवस्थापन अझै राम्रो संग बन्न नसकेको सूचना प्रवाह अभिलेख सजिलै प्राप्त हुन नसक्ने । | • सूचना अध्यवाधिक गर्न तथा गुनासो सुनुवाईका लागि गाउँपालिकाको आफ्नै मोवाईल एप तयार गर्ने ।<br>• विद्यमान वेवसाईटलाई अद्यावधिक गर्ने र सूचनाहरु निरन्तर अपलोड गर्ने । | • ज्ञान व्यवस्थापनका लागि तय गरिएका विषय वस्तुमा पहुचको कमि हुन सक्ने ।<br>• आर्थिक स्थितिको कमजोरीले जनताकालागि यो विषय कम महत्वको हुन सक्ने । |

## ३.३ संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखा

सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषणका अतिरिक्त, अध्यक्ष, उपाध्यक्ष, वार्ड अध्यक्ष, महीला सदस्य, दलित सदस्य, प्रमुख प्रशासकीय अधिकृत, लगायत सबै निर्वाचित पदाधिकारी तथा कर्मचारी संग छलफल गरिएको थियो । गहन छलफल तथा अर्न्तक्रिया पश्चात् निम्न लिखित कुराहरु प्राप्त भएका छन् । संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखामा समग्रमा तलका विषयवस्तुहरु समेटीएका छन् ।

**संस्थागत क्षमता लेखाजोखा**

- इन्टरनेट प्रविधिको विस्तार र नियमितता जस्ता कुराबाट कार्यालय व्यवस्थापन प्रणालि व्यवस्थित गर्नु पर्ने ।
- सेवाग्राहिलाई ध्यान दिएर आधारभूत सेवा प्रदान गर्ने जस्तै निशुल्क वाइफाई, खानेपानी, सहयोग कक्ष, स्वास्थ्य कक्ष इत्यादि।
- गा.पा.को आन्तरिक श्रोत बढाउनु पर्ने।
- आन्तरिक सञ्चार बढाउनुपर्ने ।
- विशेष गरी कार्यपालिका सदस्य तथा गाउंसभा सदस्यहरुलाई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्वन्धि अभिमुखिकरणको आवश्यकता रहेको ।
- पंजिकरण तथा सामाजिक सुरक्षा शाखाका कर्मचारीहरुलाई तालिमका साथसाथै अन्य पूर्वाधारको व्यवस्था गरी क्षमता अभिवृद्धिको आवश्यकता रहेको ।
- सबै ककर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई योजना, बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्वन्धितालिमको आवश्यकता रहेको ।
- प्राविधिककर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चितता सम्वन्धितालिमको आवश्यकता रहेको ।
- सार्वजनिक सेवाप्रवाहको सम्वन्धमा सिमान्तकृत समुदायलाई चेतनामूलक तालिमको आवश्यकता रहेको ।
- योजना अनुगमन प्रणालीको प्रभावकारिता तथा गुणस्तर सुनिश्चितताको उच्च आवश्यकता ।

**वैयक्तिक क्षमता लेखाजोखा**

- सूचना प्रविधि सम्वन्धी तालिमलाई जोड दिइएको छ ।
- जन प्रतिनिधिहरुलाई आफ्नो कार्य र क्षेत्राधिकारसम्वन्धि ज्ञान तथा चेतनाको आवश्यकता ।
- कर्मचारी तथा निर्वाचित जनप्रतिनिधि विच अन्तर बैयक्तिक सम्वन्ध विकासको आवश्यकता ।
- नयाँ कुरा सिक्न अध्ययन भ्रमण गराउने ।
- बृत्तिविकास तथा असल मानवीय संसाधन व्यवस्थापनको राम्रो अभ्यासलाई बढावादिने ।
- नवनियुक्त वडा सचिवहरुलाई परिचयात्मक तालिम दिनुपर्ने ।
- उत्कृष्ट कार्यगर्ने कर्मचारीलाई पुरस्कृतगर्ने ।
- विषयगत कर्मचारिहरुलाई गरिरहेको कामको बारेमा पुनर्ताजगि तालिम
- सहायक कर्मचारीहरुलाई फाईल व्यवस्थापन, रेकर्ड राख्ने सम्वन्धितालीमको आवश्यकता ।
| संस्थागत मूल्य, मान्यता र कार्य वातावरण | निर्वाचित प्रतिनिधि, कर्मचारीहरु र अन्य सरोकारवालाहरुको सहभागितामा लिखित आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको र सम्बद्ध सबैले यसलाई पालना गर्ने गरेको । | निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरुको सहभागितामा आचारसंहिता तयार गर्ने कार्य भैरहेको । | 0.8 | 1.6 |
| राजनीतिज्ञ र कर्मचारीबीच कार्यसीमा निर्धारण | स्वीकृत कार्यसम्पादन र कार्यविभाजन नियमावली तथा अन्य प्रचलित कानून बमोजिम जुन काम जुन तहको पदाधिकारी वा निकायबाट सम्पादन हुनुपर्ने हो सोही निकाय वा पदाधिकारी बाटै सम्पादन गर्ने गरिएको । | नियमावली स्वीकृत गरेको भए पनि कार्यपालिबाबाट हुनुपर्ने निर्णय अध्यक्ष/प्रमुखबाटै गरी अनुमोदनका लागि पेश गर्ने र आफ्नो तहबाट सम्पादन हुनुपर्ने कार्य समेत माथिल्लो तहमा पेश गर्ने गरिएको । | 1.2 | 1.6 |
| आन्तरिक सञ्चार | वडा समिति, कार्यपालिका र कर्मचारी बैठकले गरेका निर्णयहरु सदस्य, सम्बन्धित शाखा र कर्मचारीहरुलाई जानकारीको लागि निर्णय उतार गरी पठाउने र नियमित रुपमा वेभसाईट मार्फत सार्वजनिक समेत गर्ने गरेको | वडा समिति र कार्यपालिकाले गरेका निर्णयहरु सदस्यहरु तथा सम्बन्धित शाखाहरुलाई जानकारीको लागि निर्णय उतार गरी पठाउने नगरेको | 0.4 | 1.6 |
| | | **जम्मा अंक** | 4 | **8.0** |

**३ : मानव संसाधन विकास**

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| पदीय कार्यविवरण | कर्मचारीहरुको सहभागितामा पदीय कार्यविवरण निर्माण एवं स्वीकृत गरी कार्यान्वयनमा ल्याएको र सम्बद्ध सबैले यसलाई पालना गरेको । | विषयगत शाखा, वडा कार्यालय लगायत सबै कर्मचारीहरुको पदीय कार्यविवरण तयार नभएको | 0.5 | 2.0 |
| पदाधिकारी तथा कर्मचारीको नेतृत्व शैली | वडा समिति, कार्यपालिका तथा अन्य समितिहरु र कर्मचारी बैठक नियमित रुपमा बस्ने तथा नीतिगत निर्णयमा | वडा समिति, कार्यपालिका र कर्मचारी बैठक बस्ने मिति पूर्वनिर्धारण गरिएको भएपनि नियमित रुपमा | 1.0 | 2.0 |

| | | | | |
|---|---|---|---|---|
| | सरोकारवालाहरुसंग छलफल र परामर्श गर्ने गरिएको । | बैठक समेत बस्ने नगरेको । | | |
| कर्मचारीको वृत्ति विकास | वृत्ति विकास योजना तयार भइ स्वीकृत गरेको र योजना कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने गरेको । | कर्मचारीहरुको मनोवल उच्च राख्न वृत्ति विकास योजना तयार नभएको | 0.5 | 2.0 |
| कर्मचारी तालिम | कार्यरत कर्मचारीहरुमध्ये ५० प्रतिशत भन्दा बढीले सेवाप्रवेश र सेवाकालिन तालिम तथा वैदेशिक अध्ययन, अवलोकन वा तालिमको अवसर प्राप्त गरेको | कार्यरत कर्मचारीहरुमा ७५ प्रतिशतभन्दा बढीले सेवाप्रवेश वा सेवाकालिन तालिममध्ये कुनै एक तालिम पनि नलिएको | 0.5 | 2.0 |
| निर्वाचित प्रतिनिधिहरुको अभिमुखिकरण | अध्यक्ष/प्रमुख सहित सबै निर्वाचित पदाधिकारीहरु नेपाल सरकार वा अन्य सहयोगी निकायले आयोजना गरेको कार्यक्रम बाहेक आफ्नै स्रोतबाट आयोजना गरिएको तालिम कार्यक्रममा समेत सहभागि भएको | अध्यक्ष/प्रमुख, उपाध्यक्ष/ उपप्रमुख नेपाल सरकार वा अन्य सहयोगी निकायले आयोजना गरेको अभिमुखिकरण कार्यक्रममा सहभागि भएको | 0.5 | 2.0 |
| **जम्मा अंक** | | | 3 | **10.0** |

**४ : योजना व्यवस्थापन**

| **सूचक क्षेत्र** | **चाहेको अबस्था** | **हालको अबस्था** | **प्राप्ताङ्क** | **पूर्णाङ्क** |
|---|---|---|---|---|
| बार्षिक योजना निर्माण प्रकृया | सहभागितात्मक योजना प्रक्रिया अनुशरण गरी वार्षिक योजना तर्जुमा गरेको र बार्षिक योजनामा आवधिक योजनाले मार्गदर्शन गरेका बिषयहरु समावेश गरी समयसीमा र जिम्मेवारी किटान भएको कार्यान्वयन कार्ययोजना तयार गरी कार्य सम्पादन गर्ने गरेको । | वार्षिक योजना तर्जुमा गर्दा मार्गदर्शन अनुसार सहभागितात्मक योजना प्रक्रियालाई अक्षरशः अनुशरण गर्ने नगरेको | 0.5 | 2.0 |
| आवधिक तथा बार्षिक योजनाबीचको अन्तरसम्बन्ध | आवधिक योजनाले तय गरेका लक्ष्य, उद्देश्य, रणनीति र क्रियाकलाप लाई बार्षिक योजनाले अनुशरण गरेको तथा मध्यमकालिन खर्च संरचना समेत तयार गरेको | आवधिक योजना नै तर्जुमा नभएको | 0.5 | 2.0 |
| नीति तथा कार्यक्रम र बजेट विनियोजन | बार्षिक नीति तथा कार्यक्रम तयार गरी पर्याप्त छलफल पश्चात स्वीकृत गर्ने र स्वीकृत नीति कार्यक्रमका आधारमा वार्षिक बजेट तर्जुमा गर्ने गरिएको । | वार्षिक बजेट तर्जुमा गर्दा नीति तथा कार्यक्रम तयार गर्ने गरिएको भए पनि नीति कार्यक्रम र बजेट विनियोजन बीच तालमेल नरहेको | 1.5 | 2.0 |
| बजेट कार्यान्वयन कार्ययोजना | समयबद्ध क्रियाकलाप र तथा जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तयार गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिएकोले समय मै अपेक्षित नतिजा हासिल हुने गरेको | बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गर्न समयबद्ध क्रियाकलाप र जिम्मेवारी निर्धारण गर्ने नगरिएको | 0.5 | 2.0 |
| अनुगमन, मूल्याङ्कन र गुणस्तर नियन्त्रण | सूचक सहितको अनुगमन तथा मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण सम्बन्धी कार्यविधि वा कार्ययोजना स्वीकृत गरी | योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन र गुणस्तर नियन्त्रण सम्बन्धी कुनै योजना नभएको | 0.5 | 2.0 |

| | | | | |
|---|---|---|---|---|
| | कार्यान्वयन ल्याएको र अनुगमन प्रतिवेदन उपर कार्यपालिकामा छलफल गरी कारबाही समेत हुने गरेको | | | |
| **जम्मा अंक** | | | 3.5 | **10.0** |

**५ : वित्त व्यवस्थापन**

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| सङ्घीय अनुदानको उपयोग | संघबाट प्राप्त हुने समपुरक र विशेष अनुदानका लागि बजेट छुट्याउने र समय मै प्रस्ताव पेश गर्ने गरेको साथै सशर्त अनुदानको बाँकी रकम समेत समयमै फिर्ता गर्ने र आय व्ययको अनुमानित विवरण पौष मसान्त भित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाउने गरेको | संघबाट प्राप्त हुने समपुरक र विशेष अनुदानका लागि बजेट छुट्याउने र समय मै प्रस्ताव पेश गर्ने गरेको साथै सशर्त अनुदानको बाँकी रकम समेत समयमै फिर्ता गर्ने र आय व्ययको अनुमानित विवरण पौष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा पठाउने गरेको | 2.0 | 2.0 |
| प्रादेशिक अनुदानको उपयोग | संघ र प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकमलाई बजेटमा समावेश गरेको र राजस्व वाँडफाँड वापतको रकमको केही प्रतिशत विकास कार्यमा समेत उपयोग गर्ने गरेका | प्रदेशबाट प्राप्त हुने समपुरक अनुदानका लागि बजेट छुट्याउने र प्रस्ताव पेश गर्ने गरेको तथा सशर्त अनुदानको बाँकी रकम समेत समयमै फिर्ता गर्ने गरेको | 1.5 | 2.0 |
| राजस्व बाँडफाँड र रोयल्टीको उपयोग | राजस्व बाँडफाँड र रोयल्टी बापतको रकमलाई बजेटमा समावेश गरेको र राजस्व वाँडफाँड र आन्तरिक आयको रकमलाई मितव्ययी रुपमा प्रशासनिक खर्चमा लगाई बाँकी रकम विकास कार्यमा उपयोग गर्ने गरेको | संघ र प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकमलाई बजेटमा समावेश गरेको र राजस्व वाँडफाँड वापतको रकमको केही प्रतिशत विकास कार्यमा समेत उपयोग गर्ने गरेको | 1.5 | 2.0 |
| आन्तरिक स्रोत परिचालनको अवस्था | आन्तरिक राजश्वका सम्भावित सबै श्रोतहरुको पहिचान र परिचालन गरिएको, करका दरलाई प्रगतिशील वनाइएको, आन्तरिक आय परिचालनका लागि राजश्व सुधार कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको र यी सबै विषयमा राजस्व परामर्श समिति कृयाशील रहेको | आन्तरिक आयका सम्भावित श्रोतहरु मध्ये धेरैजसो स्रोतको परिचालन गरिएको साथै राजस्व परामर्श समितिले समेत आन्तरिक स्रोतको संभावना विश्लेषण गरी प्रतिबेदन पेश गर्ने गरेको | 0.5 | 2.0 |
| राजस्व प्रशासनको अवस्था | राजस्व परिचालनका लागि छुट्टै शाखा र दरबन्दी स्वीकृत गरी कर्मचारीहरुको व्यवस्था गरिएको साथै आवश्यक तालिम, उपकरण, सफ्टवेयर तथा कार्यविधि समेतको व्यवस्था गरिएको | राजस्व परिचालन गर्न छुट्टै शाखा तथा कर्मचारीको दरबन्दी स्वीकृत गरी दरबन्दी अनुसारका कर्मचारी समेत व्यबस्था गरिएको | 0.5 | 2.0 |
| | **जम्मा अंक** | | 6 | **10.0** |

६ : आर्थिक प्रशासन

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| सार्वजनिक खरिद व्यवस्थापन | खरिद गुरुयोजना र वार्षिक खरिद योजना स्वीकृत गरी सोही बमोजिम खरिद कार्य सञ्चालन गर्ने गरिएको र सार्वजनिक खरिद नियमावली समेत स्वीकृत गरी कार्यान्वयन गरिएको । | वार्षिक खरिद योजना तयार गर्ने नगरिएको र छुट्टै सार्वजनिक खरिद नियमावली समेत नरहेको । | 0.5 | 2.0 |
| जिन्सी निरिक्षण, बरबुझारथ र भौतिक सम्पत्ति संरक्षण | नियमित जिन्सी निरीक्षण गरी प्रतिवेदन उपर कारबाही भएको, कर्मचारी तथा जनप्रतिनिधि सबैले बरबुझारथ गर्ने गरेको र आफ्नो स्वामित्व तथा भोगाधिकारमा रहेका सम्पत्ति र आफ्नो क्षेत्रभित्रका सार्वजनिक जग्गाको समेत लगत राख्ने गरेको । | जिन्सी निरीक्षण वार्षिक रुपमा हुने गरेता पनि प्रतिवेदन उपर कारबाही हुने नगरेको, अधिकांश कर्मचारीले बरबुझारथ गर्ने गरेको र आफ्नो स्वामित्वमा रहेका सम्पत्तिको मात्र लगत राख्ने गरेको । | 1.0 | 2.0 |
| खर्चको लेखा तथा प्रतिवेदन व्यवस्था | सूत्र कार्यान्वयन गरिएको र मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठक र संघ तथा प्रदेशका सम्बद्ध निकायमा पठाउने गरिएको वेबसाइट मार्फत सार्वजनिक समेत गर्ने गरेको । | खर्चको लेखांकन सम्बन्धी मापदण्ड (सूत्र) कार्यान्वयन नगरिएको र खर्चको प्रतिबेदन कार्यपालिकाको बैठक र सम्बद्ध निकाय समक्ष पठाउने नगरेको । | 0.5 | 2.0 |
| आन्तरिक लेखापरीक्षण | आन्तरिक लेखापरीक्षण शाखा स्थापना गरी कर्मचारीको व्यवस्था गरिएको र नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्ने गरिएको । | आन्तरिक लेखापरीक्षण शाखा पनि नरहेको र आन्तरिक लेखापरीक्षण समेत गर्ने नगरिएको । | 0.5 | 2.0 |
| अन्तिम लेखापरीक्षण | लेखापरीक्षणबाट औल्याएका बेरुजुहरुको प्रतिकृया समयमै पठाइएको र बेरुजुको लगत समेत नियमित रुपमा अध्यावधिक गर्ने गरिएको । | लेखापरीक्षणबाट औल्याएका बेरुजुहरुको प्रतिकृया ३५ दिनभित्र महालेखा परीक्षकको कार्यालयमा पठाइएको तर बेरुजुको लगत अध्यावधिक गर्ने नगरिएको । | 1.5 | 2.0 |
| | | **जम्मा अंक** | 4 | **10.0** |

७ : सेवा प्रवाह व्यवस्थापन

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| आर्थिक क्षेत्रका सेवा प्रवाह | विगत २ वर्षको कूल विकास लगानीमध्ये आर्थिक विकास (कृषि, उद्योग, व्यापार, वाणिज्य, रोजगारी आदि) को क्षेत्रमा दश प्रतिशत भन्दा बढी लगानी गर्ने गरिएको । | विगत २ वर्षको कूल विकास लगानीमध्ये आर्थिक विकास (कृषि, उद्योग, व्यापार, वाणिज्य, रोजगारी आदि) को क्षेत्रमा दश प्रतिशत भन्दा बढी लगानी गर्ने गरिएको । | 2.8 | 2.8 |
| सामाजिक क्षेत्रका सेवा प्रवाह | सामाजिक क्षेत्रका सेवाहरु विपन्नता नक्शांकनका आधारमा महिला, दलित, लोपोन्मुख आदिवासी जनजाति, | सामाजिक क्षेत्रका सेवाहरु महिला, दलित, लोपोन्मुख आदिवासी जनजाति, अपांगता भएका | 1.4 | 2.8 |

| | | | | |
|---|---|---|---|---|
| | अपांगता भएका व्यक्ति, बालबालिका र जेष्ठ नागरिक लक्षित गरी प्रवाह हुने गरेको | व्यक्ति, बालबालिका र जेष्ठ नागरिक तथा विपन्न समुदायमध्ये केहीलाई लक्षित गरी सञ्चालन गर्ने गरिएको | | |
| पुर्वाधार सेवा प्रवाह | पुर्वाधार सम्बन्धी सेवा वडागत तथा बिषयगत माग, स्वीकृत यातायात गुरु योजना, उर्जा सञ्चार र भवन निर्माण सम्बन्धी बिषयगत योजनाहरु, आवधिक योजनाका लक्ष हासिल गर्न नयाँ तथा विगतका क्रमागत योजना सम्पन्न गर्ने प्रतिबद्धताको आधारमा सञ्चालन हुने गरेको | पुर्वाधार सम्बन्धी सेवा प्रमुख/अध्यक्ष, वडाअध्यक्ष, कार्यपालिका सदस्यहरुको सिफारिश र विगतका क्रमागत योजना सम्पन्न गर्ने प्रतिबद्धताको आधारमा सञ्चालन हुने गरेको | 1.4 | 2.8 |
| संस्थागत सेवा प्रवाह | सिफारिश लगायत संस्थागत विकास र अन्य सेवाहरु पालिकाबाट स्वीकृत मापदण्ड र कार्यविधिको आधारमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी सम्भव भएसम्म अनलाइन प्रविधिबाट र सो सम्भव नभएको स्थानमा घुम्ती तथा घरदैलो सेवा समेत उपयोग गरी कार्यालय तथा वडाबाट प्रवाह हुने गरेको | सिफारिश लगायत संस्थागत विकास र अन्य सेवाहरुको प्रवाह प्रमुख/अध्यक्ष, वडाअध्यक्ष, कार्यपालिका सदस्यहरुको सिफारिशको आधारमा आधुनिक सूचना प्रविधिको समेत प्रयोग गरी सञ्चालन हुने गरेको | 1.4 | 2.8 |
| सेवाको गुणस्तर व्यवस्थापन | सेवाको गुणस्तर व्यवस्थापन गर्न सेवाको स्वीकृत मापदण्ड अनुसार भए नभएको बारे समय समयमा उपभोक्ता सर्वेक्षण, प्रयोगशाला परीक्षण, निरीक्षण, अनुगमन र समीक्षा गरी सुधारको कार्य योजना बनाइ कार्यान्वयन गर्ने गरिएको | सेवाको गुणस्तर व्यवस्थापन गर्न समय समयमा निरीक्षण र समीक्षा हुने गरेको | 1.4 | 2.8 |
| | | **जम्मा अंक** | 8.4 | **14** |

**८ : आन्तरिक तथा वाह्य समन्वय**

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| सङ्घीय निकायहरु संगको अन्तरसम्बन्ध | जिल्ला प्रशासन, प्रहरी कार्यालय, अदालत, शैक्षिक ज्ञानकेन्द्र, क्याम्पस र अन्य सङ्घीय निकायहरुसंग कार्यगत सम्बन्ध स्थापित गरी परिपुरक र परिपोषक सम्बन्ध कायम गर्दै कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्ने गरेको । | जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, अदालत र शैक्षिक ज्ञानकेन्द्रसंग कार्यगत सम्बन्ध स्थापित गर्ने प्रयास गरेको । | 0.8 | 1.6 |
| प्रादेशिक निकायहरु संगको अन्तरसम्बन्ध | जिल्लास्थित प्रादेशिक बिषयगत डिभिजन कार्यालयहरु, प्रादेशिक योजना कार्यालयहरु र प्रदेश मन्त्रालयहरुसंग कार्यगत सम्बन्ध स्थापित गरी दोहोरो नपर्ने गरी | जिल्लास्थित प्रादेशिक बिषयगत डिभिजन कार्यालयहरु, प्रादेशिक योजना कार्यालयहरु र प्रदेश मन्त्रालयहरुसंग कार्यगत सम्बन्ध स्थापित | 0.8 | 1.6 |

| | | | | |
|---|---|---|---|---|
| | परिपुरक र परिपोषक सम्बन्ध कायम गर्दै कार्यक्रम, योजना तथा सेवा प्रवाह गर्ने गरेको । | गर्न प्रयास गरेको । | | |
| अन्तरस्थानीय तह समन्वय | अन्य गाउँ/नगरपालिकासंग विकास निर्माण, सेवा प्रवाह, राजस्व परिचालन, क्षमता विकास र अन्य बिषयमा समेत कार्यगत सम्बन्ध स्थापित गरी संयुक्त समिति मार्फत सहकार्य गर्न समझदारी गरी कार्यक्रम सञ्चालन गर्ने गरेको । | छिमेक तथा टाढाका अन्य कुनै गाउँ/नगरपालिकासंग कार्यगत सम्बन्ध स्थापित नगरेको । | 0.4 | 1.6 |
| गैरसरकारी क्षेत्रको समन्वय | आफ्नो क्षेत्रमा सञ्चालन भएका सबै गैर सरकारी संस्थाहरुलाई आमन्त्रित गरी अन्तरक्रिया मार्फत एक अर्काका क्रियाकलापमा साझेदारी गर्न र दोहोरो नपर्ने गरी सञ्चालन गर्न कार्यगत समझदारी गरी सेवा प्रवाहमा संलग्न गराएको, गैससका योजना गाउँ/नगरपालिकाको बजेट तथा कार्यक्रममा समावेश गरेको र आफ्ना केही कार्यक्रमहरु गैर सरकारी संस्था मार्फत समेत सञ्चालन भएका । | आफ्नो क्षेत्रमा सञ्चालन भएका सबै गैर सरकारी संस्थाहरुलाई आमन्त्रित गरी अन्तरक्रिया मार्फत एक अर्काका क्रियाकलापमा साझेदारी र दोहोरो नपर्ने गरी सञ्चालन गर्न कार्यगत समन्वय गर्ने प्रयास गरेको । | 0.8 | 1.6 |
| निजीक्षेत्रसंगको समन्वय | निजीक्षेत्रसंग समन्वय गरी राजस्व परिचालन, उद्योग ग्राम स्थापना, औद्योगिक पुर्वाधार निर्माण, कृषि उत्पादन संकलन तथा प्रशोधन, रोजगारी सिर्जना र निजीक्षेत्रको सामाजिक उत्तरदायित्वका क्रियाकलाप र निजीक्षेत्रले विकास गरेका सिर्जनात्मक र नविनतम मोडलहरुलाई अनुशरण गर्न र मिलेर सञ्चालन गर्न उद्योग वाणिज्य संघ लगायतका निजीक्षेत्रका प्रतिनिधिमूलक संस्थासंग समझदारी गरी कार्यक्रम सञ्चालन गरेको | निजीक्षेत्रसंग समन्वय गरी कुनै कार्यक्रम सञ्चालन नगरेको । | 0.4 | 1.6 |
| **जम्मा अंक** | | | 3.2 | **8.0** |

## ९ : सार्वजनिक जवाफदेहिताको व्यवस्थापन

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| नागरिक सरोकारका बिषयमा अन्तरक्रिया | योजना तर्जुमा तथा कार्यान्वयन र सेवा प्रवाह गर्दा नागरिक सरोकारका बिषयमा महिला, बालबालिका, युवा, पेशागत संगठन, लोपोन्मुख तथा सिमान्तकृत समुदाय लगायतका नागरिक समाज तथा अन्य सरोकारवालाहरुको सहभागिता हुनेगरी छलफल गरी प्राप्त सुझावलाई नीति, रणनीति र कार्यक्रममा समावेश गर्ने गरेको र यसमा आवधिक रुपमा परिमार्जन समेत गर्ने गरेको | योजना तर्जुमा तथा कार्यान्वयन र सेवा प्रवाह गर्दा नागरिक सरोकारका बिषयमा महिला, बालबालिका, युवा, पेशागत संगठन, लोपोन्मुख तथा सिमान्तकृत समुदाय लगायतका नागरिक समाज तथा अन्य सरोकारवालाहरु मध्ये केहीको मात्र सहभागिता हुनेगरी छलफल गर्ने गरेको | 1.2 | 2.4 |
| कार्यपालिका र अन्य कार्यकारी निर्णयहरुको सार्वजनिकीकरण | कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका र विनियमावलीहरु, राजपत्रमा प्रकाशन गर्ने र कार्यपालिकाका महत्वपूर्ण निर्णयहरु तथा आम्दानी खर्चको विवरण र लेखापरीक्षण बेरुजु लगायत अन्य महत्वपूर्ण दस्तावेजहरु वेबसाइटमा सार्वजनिक गर्नुका साथै सरोकारवाला सबैको जानकारीको लागि सूचना केन्द्रमा सार्वजनिक गर्ने गरेको । | सभाबाट पारित भएका ऐन राजपत्रमा प्रकाशन गर्ने बाहेक अन्य कुनैपनि दस्तावेज र निर्णयहरु सार्वजनिक गर्ने नगरेको । | 0.6 | 2.4 |
| संवैधानिक अंगहरुको निर्देशनहरुको अभिलेख र परिपालना | महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सबै संवैधानिक अंगहरुले दिएका निर्देशनहरुको पालना गर्नुको साथै हरेक निकायका बेग्लाबेग्लै फाइल तथा लगत तयार गरी आवधिक रुपमा जवाफ पठाउने तथा निरन्तर सम्पर्क राखी लगत कट्टा गराउने गरेको | महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक अंगले दिएका निर्देशनहरुको पालना गर्नुको साथै फाइल तयार गरी समय समयमा जवाफ पठाउने गरेको | 1.2 | 2.4 |
| सञ्चार क्षेत्रसंगको सम्बन्ध | उपलब्ध भएसम्मका स्थानीय पत्रकार, एफ.एम. रेडियो र टेलीभिजन च्यानलहरुसंग सेवाको प्रभावकारिता बारेमा नियमित अन्तरक्रिया गर्ने गरेको र पत्रपत्रिका तथा अन्य सञ्चार माध्यममा सेवाको बारेमा आएका टिप्पणीहरुलाई अभिलेख गरी सेवा सुधारको मार्गदर्शनको रुपमा लिने गरेको | स्थानीय पत्रकार, एफ.एम. रेडियो र टेलीभिजन च्यानलहरु मध्ये केहीसंग सेवाको प्रभावकारिताको बारेमा अन्तरक्रिया गर्ने गरेको । | 1.2 | 2.4 |
| सार्वजनिक जवाफदेहिताका औजारहरुको प्रयोग | सेवाग्राही संतुष्टी सर्वेक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नियमित पत्रकार भेटघाट, तेश्रोपक्ष अनुगमन तथा सूचना सार्वजनिकीकरण जस्ता सार्वजनिक जवाफदेहिताका औजारहरु मध्ये | सेवाग्राही संतुष्टी सर्वेक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नियमित पत्रकार भेटघाट, तेश्रोपक्ष अनुगमन तथा सूचना सार्वजनिकीकरण जस्ता सार्वजनिक | 0.6 | 2.4 |

| | | | | |
|---|---|---|---|---|
| | अधिकाँश औजारको आवधिक रुपमा प्रयोग गरी प्राप्त नतिजा सार्वजनिक गर्ने तथा सुधारको लागि प्रस्ताव गरेका सुझावहरुलाई कार्य योजना बनाई कार्यान्वयन गर्ने गरेको | जवाफदेहिताका औजारहरु मध्ये एक दुइ औजारको मात्र प्रयोग गर्ने गरेको | | |
| **जम्मा अंक** | | | 4.8 | 12 |

**१० : ज्ञान व्यवस्थापन**

| सूचक क्षेत्र | चाहेको अबस्था | हालको अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| ऐन, कानूनको संहिताकरण र प्रकाशन | गत विगत देखि सभाले पारित गरेका हरेक ऐनहरुको संहिताकरण गरी अभिलेख खडा गरेको तथा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरी पालिकाको वेवसाइटमा राख्नुका साथै पुस्तकालय र सूचना केन्द्रमा सोको प्रति उपलब्ध गराएको । | गत विगत देखि सभाले पारित गरेका हरेक ऐनहरुको संहिताकरण गरी अभिलेख खडा गरेको । | 1.0 | 2.0 |
| सिकाइहरुको संहिताकरण | स्थानीय सरकारका रुपमा गरेका महत्वपूर्ण सिकाइहरुलाई संहिताकरण तथा अभिलेख गर्न कार्यटोली बनाई सिकाइहरु संकलन गरी प्रकाशन तथा अभिलेख गरेको र वेवसाइटमा राख्नुका साथै पुस्तकालय र सूचना केन्द्रमा एक प्रति उपलब्ध गराएको । | स्थानीय सरकारका रुपमा गरेका सिकाइहरुको संहिताकरण र अभिलेख गर्न नसकेको । | 0.5 | 2.0 |
| महत्वपूर्ण उपलब्धिहरुको अभिलेख | आर्थिक, सामाजिक र भौतिक पर्वाधार क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरुको लागत, निर्माणकर्ता, निर्माण अवधि र सबैको आयु समेत उल्लेख गरी अभिलेख खडा गरेको र सम्बन्धित सबैको जानकारीको लागि वेवसाइटमा राख्नुका साथै पुस्तकालय र सूचना केन्द्रमा सोको प्रति उपलब्ध गराएको । | आर्थिक, सामाजिक र भौतिक पर्वाधार क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरुको अभिलेख गर्न नसकेको । | 0.5 | 2.0 |
| असल अभ्यासहरुको संहिताकरण | असल अभ्यास हरुको अभिलेख र संहिताकरण गरीएको र यसको प्रकाशन गरी अन्य स्थानीय तह र माथिल्लो तहका सरकारहरुलाई जानकारी गराइएको तथा सम्बन्धित सबैको जानकारीको लागि वेवसाइटमा राख्नुका साथै पुस्तकालय र सूचना केन्द्रमा सोको प्रति उपलब्ध गराएको । | असल अभ्यासहरुको अभिलेख र संहिताकरण गर्न नसकिएको | 0.5 | 2.0 |
| पुस्तकालय र सूचना केन्द्र व्यवस्थापन | स्रोतको व्यवस्था गरी पुस्तकालय र सूचना केन्द्र व्यवस्थापन गरेको र यसमा महत्वपूर्ण अभिलेखहरु, विभिन्न सूचना तथा पुस्तक र पत्रपत्रिका उपलब्ध रहेको | पुस्तकालय र सूचना केन्द्र व्यवस्थापन गर्न नसकेको । | 0.5 | 2.0 |

| | | | | |
|---|---|---|---|---|
| | एवं यसै केन्द्र मार्फत वेवसाइट सञ्चालन तथा अद्यावधिकीकरण गर्ने गरिएको । | | | |
| **जम्मा अंक** | | | 3 | **10.0** |

३.७ संस्थागत क्षमता बिकास रणनीतिक कार्ययोजना (२०७६ माघ - २०७७ पुस)

तालिका ६

| १. शासकीय प्रवन्ध | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | | | | | थप आर्थिक व्ययभार | | |
| क्र.स. | अवस्थामा सुधारकालागि आवश्यक कृयाकलाप | पहल कर्ता | निर्णय कर्ता | कार्यान्वयन कर्ता | अनुगमन कर्ता | समयावधि | पर्ने | नपर्ने | प्रमाणित गर्ने आधारहरु |
| १ | सभाको बैठकका छलफल र निर्णय संग सम्बन्धित विषय वस्तु बारेको सूचना ७ दिन अगावै लिखित र स्पस्ट रुपमा सवे सभासदहरुलाइ जानकारी गराउने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा प्रमुख | उपाध्यक्ष | अव वस्ने सभाको बैठक २०७६ पुष देखि । | | √ | पठाईएका पत्रको कार्यालय प्रति र पत्र बुझेको भर्पाइ । |
| २ | सभा र कार्यपालिकाका सवै निर्णयहरु अफनो वेभ पेज, सूचना पाटीमा टास गरी सार्वजनिक गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | सूचना अधिकृत | अध्यक्ष र उपाध्यक्ष | अव वस्ने सभा र कार्यपालिकाका बैठक २०७६ पुष देखि । | | √ | अद्यावधिक गरिएको वेभपेज र सूचनाको अभिलेख । |
| ३ | सभा,कार्यपालिकाका र विषयगत समितीहरुको बैठक स्वीकृत कार्यबिधि अनुसार सन्चालन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | अध्यक्ष, उपाध्यक्ष र बिषयगत समितिका संयोजकहरु | उपाध्यक्ष | अव वस्ने सभा ,कार्यपालिका र विषगत समितिका बैठक देखि । | | √ | स्वीकृत कार्यविधि । |
| ४ | आन्तरिक नियन्त्रण प्रणालीको कार्यविधि बनाइ कार्यान्वयन गर्ने । | प्र.प्र.अ. | कार्यपालिका | प्र.प्र.अ. | उपाध्यक्ष | २०७७ बैशाख देखि । | | √ | स्वीकृत कार्यविधि । |
| ५ | प्रत्येक महिना कम्तिमा १ पटक अनिवार्य रुपमा कार्यपालिकाको बैठक वस्ने व्यवस्था गर्ने । | अध्यक्ष | अध्यक्ष | प्र.प्र.अ. | उपाध्यक्ष | ०७७ बैशाख देखि । | | √ | कार्यपालिकाको बैठक पुस्तिका । |
| ६ | अनलाईन लेखा प्रणाली कार्यान्वयन गर्ने । | प्र.प्र.अ. | | लेखा अधिकृत | अध्यक्ष र उपाध्यक्ष | ०७७ साउन १ गते देखि | | | सम्बन्धित अभिलेख । |
| ७ | अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालीका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुको कार्य जिम्मेवारीको प्रभावकारी | अध्यक्ष र प्र.प्र.अ. | | अध्यक्ष र प्र.प्र.अ. | | ०७६ माघ महिना देखि । | | √ | बैठक निर्णय पुस्तिका । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पादनकालागि एक आपसमा स्पष्टता ल्याउन त्रैमासिक बैठक संचालन गर्ने । | | | | | | | |
| **२. संगठन तथा प्रशासन** | | | | | | | | |
| ८ | क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | माघ महिना | | √ | क्षमता विकास योजना |
| ९ | कर्मचारी प्रशासन नीति तयार गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | १ वर्ष | | √ | गाउँसभाको निर्णय |
| १० | संघ र प्रदेशलाई पठाएका प्रतिवेदन र विवरणहरु वेभ साइटमा राख्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | १ महिना | | √ | वेवसाईट |
| ११ | अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन सम्झौता गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | कार्यसम्पादन सम्झौता |
| १२ | आगामि आ.व.देखि जनशक्ति क्षमता विकासका लागि कूल चालु बजेटको कम्तिमा १ प्रतिशत बजेट विनियोजन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | अध्यक्ष | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | बजेट तथा कार्यक्रम |
| १३ | सबै सरोकारवालाहरुको सहभागितामा बर्तमान संगठन संरचना पुनरावलोकन गरी नयाँ कार्यगत संरचना तयार गर्ने र सोही अनुरुप पदपूर्ति कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ६ महिना | | √ | तयार भएको संगठन संरचना |
| १४ | निर्वाचित प्रतिनिधि, कर्मचारीहरु र अन्य सरोकारवालाहरुको सहभागितामा लिखित आचार संहिता स्विकृत गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | स्वीकृत आचार संहिता |
| १५ | कार्यसम्पादन र कार्यविभाजन नियमावली अक्षरस पालना गर्ने | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ वैशाख देखि | | | कार्यसम्पादन |
| १६ | वडा समिति, कार्यपालिका र कर्मचारी बैठकले गरेका निर्णयहरु सदस्य र सम्बन्धित कर्मचारीहरुलाई जानकारीको लागि निर्णय उतार गरी पठाउने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७६ माघ महिना देखि । | | √ | पत्र चलानी |
| १७ | कर्मचारीहरुको सहभागितामा पदीय कार्यविवरण निर्माण एवं स्वीकृत गरी | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | पदिय कार्यविवरण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने । | | | | | | | | |
| १८ | वृत्ति विकास योजना तयार गरी स्वीकृत गर्ने र योजना कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | वृक्ति विकास योजना बजेट पुस्तिका |
| १९ | गा.पा मा कार्यरत सबै कर्मचारीहरुलाई सेवाकालिन तालिम र सबै जनप्रतिनिधिहरुलाई वार्षिक रुपमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रशासन शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | | √ | तालिम अभिलेख |
| **३. बार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन** | | | | | | | | | |
| २० | विषय क्षेत्रगत दीर्घकालिन योजना, आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने (योजना बनाउदा दीगो विकास लक्ष्य लाई पनि ध्यानमा राख्ने) । | प्र.प्र.अ. | अध्यक्ष | योजना शाखा | उपाध्यक्ष | ०७७ साउन देखि | √ | | आवधिक विकास योजना |
| २१ | गैससका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | योजना शाखा | उपाध्यक्ष | ०७६ पौष देखि | | √ | सभा निर्णय तथा वा.वि.का |
| २२ | पुजिगत बजेटको कम्तिमा ५० प्रतिशत बजेट ५ लाख भन्दा बढी लागतका योजनामा विनियोजन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | योजना शाखा | उपाध्यक्ष | ०७७ साउन सत्र | | √ | वार्षिक कार्यक्रम |
| २३ | वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्ने | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | उपाध्यक्ष | ०७७ साउन सत्र | | √ | कार्ययोजना |
| २४ | अनुगमन मूल्यांकन कार्यविधि तयार गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | योजना शाखा | उपाध्यक्ष | ०७६ माघ महिना देखि । | | √ | कायविधि |
| **४. वित्तीय एवं आर्थिक व्यवस्थापन** | | | | | | | | | |
| २५ | उपभोक्ता समितिहरुलाई वित्तीय अनुशासन सम्वन्धि अभिमुखिकरण गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | योजना शाखा | उपाध्यक्ष | ०७६ पौष देखि | √ | | तालिम संचालन |
| २६ | मासिक आय व्ययको विवरण वेभ साइट सार्वजनिक गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रप्रअ/लेखा अधिकृत | उपाध्यक्ष | ०७६ पौष देखि | | √ | सार्वजनिक परिपत्र , वेवसाईट |
| २७ | वार्षिक खरिद योजना तयार गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्रप्रअ/लेखा अधिकृत | उपाध्यक्ष | ०७६ पौष देखि | | √ | खरिद योजना |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | आन्तरिक आयका सम्भावित श्रोतहरुको पहिचानका लागि सम्भाव्यता अध्ययन गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | राजश्व शाखा | उपाध्यक्ष | ०७७ वैशाख देखि | √ | | अध्ययन प्रतिवेदन |
| २९ | जिन्सी निरिक्षण प्रतिवेदन लाई सफ्टवेयर मा प्रविष्टि गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | भण्डार शाखा | उपाध्यक्ष | ०७६ पौष देखि | | √ | प्रतिवेदन |
| ३० | आन्तरिक लेखा परिक्षँण शाखा व्यवस्था गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | उपाध्यक्ष | ०७६ पौष देखि | | √ | संगठन संरचना |
| **५. सेवा प्रवाह** | | | | | | | | | |
| ३१ | वडा कार्यालयबाट प्रवाह हुने सेवा वडा अध्यक्षको अनुपस्थितिमा समेत वैकल्पिक व्यवस्था गर्न वडा सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था गर्ने । | वडा अध्यक्ष | अध्यक्ष | वडा अध्यक्ष | उपाध्यक्ष | ०७६ माघ देखि | | √ | प्रत्यायोजन गरिएको पत्रको कार्यालय प्रति । |
| ३२ | सामाजिक सुरक्षा भत्ताको भुक्तानि बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | लेखा अधिकृत | उपाध्यक्ष | ०७६ माघ देखि | | √ | बैक कारोवार अभिलेख । |
| **६. न्याथिक कार्यसम्पादन** | | | | | | | | | |
| ३३ | न्यायिक समितिले अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी छलफलका लागि सभामा पेश गर्ने । | उपाध्यक्ष | अध्यक्ष | उपाध्यक्ष | अध्यक्ष | ०७६ माघ देखि | | √ | प्रतिवेदन पुस्तिका । |
| **७. भौतिक पूर्वाधार** | | | | | | | | | |
| ३४ | बालमैत्रि र अपांग मैत्रि सार्वजनिक पूर्वाधार नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्रअ. | कार्यपालीका | शाखा प्रमुख | उपाध्यक्ष | २०७७ मंगसिर सम्म । | √ | | स्विकृत भएको नीति सम्बन्धि अभिलेख । |
| ३५ | हाल बनाइएको राष्ट्रिय भवन संहिता र मापदण्डलाई स्विकृत गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्रअ. | कार्यपालीका | शाखा प्रमुख | उपाध्यक्ष | २०७६ फागुन दृेखि । | √ | | स्विकृत भएको नीति सम्बन्धि अभिलेख । |
| ३६ | फोहोर मैला व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्रअ. | कार्यपालीका | योजना शाखा | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | स्वीकृत कार्यविधि । |
| **८. सामाजिक समाबेशीकरण** | | | | | | | | | |
| ३७ | सामाजिक समावेशिकरण नीति तयार गरी निर्णय प्रकृयामा पछाडि परेका महिला, दलित, सिमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । | वडाध्यक्ष | कार्यपालीका गाउं सभा | वडां सम्वन्धित शाखा | प्र.प्र.अ. | २०७६ फागुन देखि । | | √ | समानुपातिक प्रतिनिधित्वको प्रतिशत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | घरेलु हिंसा वालश्रम, वाल विवाह, वहु विवाह, दाइजो जस्ता कुरितिका अन्त्यकालागि वहश, पैरवि तथा चेतनामूलक कार्यक्रम संचालन गर्ने । | न्यायिक समिति | कार्यपालीका गाउं सभा | म.वि. शाखा | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | वार्षिक कार्यक्रम संचालन रेकर्डिंग |
| ३९ | लैंगिक उत्तरदायि वजेट परिक्षण गर्ने । | प्र.प्रअ. | कार्यपालीका | शाखा प्रमुख | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | लैंगिक उत्तरदायि वजेट परिक्षण प्रतिवेदन |
| **९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन** | | | | | | | | | |
| ४० | वातावरण संरक्षँण नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्रअ. | कार्यपालीका | समिति सबै | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | नीतिको प्रति |
| ४१ | विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने (क्यू.आर.टी. गठन गर्ने, जोखिमको नक्सा, स्थानीय विपद व्यवस्थापन कोष स्थापना) । | प्र.प्रअ. | कार्यपालीका | समिति सबै | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | विपद व्यवस्थापन कार्ययोजना |
| ४२ | एम्वुलेन्स सेवा संचालन गर्ने । | प्र.प्र.अ. | कार्यपालीका | उपाध्यक्ष | कार्यपालीका | २०७७ मंसिर सम्म । | √ | | एम्वुलेन्स सेवा |
| **१०. सहकार्य र समन्वय** | | | | | | | | | |
| ४३ | सार्वजनिक, सामुदायिक साझेदारीका लागि टोल विकास संस्थाको गठन नीति अद्यावधिक गरी स्विकृत गर्ने, टोल विकास संस्था गठन तथा व्यवस्थापन गर्ने । | प्र.प्र.अ. | कार्यपालीका | उपाध्यक्ष | वडा कार्यालय | २०७७ बैशाख सम्म । | | | टोल विकास संस्था गठन र नीति (सदस्य संख्या) |
| ४४ | सार्वजनिक नीजि साझेदारीका लागि नीति तथा संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याउने । | प्र.प्रअ. | कार्यपालीका | शाखा प्रमुख | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | रु. दुईलाख । | | स्विकृत भएको नीति सम्बन्धि अभिलेख । |
| **११. सार्वजनिक जवाफदेहिताको व्यवस्थापन** | | | | | | | | | |
| ४५ | गुनासो संकलन तथा व्यवस्थापनका लागि छुट्टै जनशक्ति, फोन को व्यवस्थाका साथै सुझाब पेटिका, सन्तुष्टि सर्वेक्षँण जस्ता अन्य जवाफदेहितका प्रविधिहरुको व्यवस्था गर्ने । | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | उपाध्यक्ष | ०७६ माघ देखि | √ | | निर्णय |
| ४६ | चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा परिक्षण गर्ने | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | उपाध्यक्ष | ०७६ माघ देखि | | √ | सार्वजनिक सुनुवाई उपस्थिती |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **१२. ज्ञान व्यवस्थापन** | | | | | | | | | |
| ४७ | सूचना केन्द्रको स्थापना र व्यवस्थापन गर्ने । | प्र.प्र.अ. | कार्यपालीका, गाउ सभा | सूचना अधिकृत तथा सम्वन्धित कार्य टोली | उपाध्यक्ष | २०७७ मंसिर सम्म । | √ | | केन्द्र स्थापना भई सम्वन्धित अभिलेख |
| ४८ | गत विगत देखि सभाले पारित गरेका हरेक स्थानीय ऐन, नियम, कानून, कार्यविधि, मापदण्ड, निर्देशिकाहरुको अभिलेख तयार गरी सर्वसाधारणको जानकारीको लागि गाउपालिकाको वेवसाइटमा राख्नुका साथै नियमित अद्यावधिक गर्ने । | प्र.प्र.अ. | | सूचना अधिकृत | अध्यक्ष र उपाध्यक्ष | अभिलेख तयार गर्ने ०७६ माघ सम्म र नियमितता दिने । वेभ पेज अद्यावधिक आजै देखि नियमित रुपमा । सूचनाकेन्द्र संचालन ०७७ साउन १ गते देखि । | | √ | प्रकाशित पुस्तिका |
| ४९ | असल अभ्यास तथा महत्वपूर्ण सिकाइहरुलाई अभिलेख तयार गरी वेवसाइटमा समेत राख्ने । | प्र.प्र.अ. | प्र.प्र.अ. | सूचना अधिकृत | अध्यक्ष र उपाध्यक्ष | ०७७ बैशाख देखि | | √ | असल अभ्यास तथा महत्वपूर्ण सिकाइहरुको अभिलेख |
| ५० | आर्थिक, सामाजिक र भौतिक पूर्वाधार क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरुको लागत, निर्माणकर्ता, निर्माण अवधि र सबैको आयु समेत उल्लेख गरी अभिलेख खडा गर्ने र सम्बन्धित सबैको जानकारीको लागि वेवसाइटमा राख्ने । | प्र.प्र.अ. | स्टाफ मिटिङ्ग | सम्बन्धित शाखा प्रमुख र सूचना अधिकृत | अध्यक्ष र उपाध्यक्ष | ०७७ बैशाख देखि | | √ | सम्वन्धित अभिलेख |

## ३.८ बजेट विश्लेषण

नौकुण्ड गाउँपालिकाले विभिन्न श्रोतहरुबाट जस्तै आफ्नै आय, जगेडा कोष, समानिकरण अनुदान, सशर्त अनुदान तथा राजस्व बाँडफाड लगायतबाट बजेटलाई परिचालन गरेको देखिन्छ । यस पालिकाको बजेट प्रत्येक वर्ष बृद्धिदर मा गएको देखिन्छ । वि.सं. २०७४/२०७५ मा जम्मा १७९,६२५,००० थियो भने वि.सं. ०७५/२०७६ मा जम्मा ३०९,५८६,००० तथा ०७६/२०७७ को २६४,६००,००० भएको देखिन्छ । विद्यमान तथा सम्भावित श्रोतका आधारमा गाउंपालिकाले रणनैतिक कार्ययोजना तयार गरेको छ । प्रस्तुत कार्ययोजना कार्यान्वयनका लागि गाउँपालीकाको आफ्नो श्रोत, गैरसरकारी संस्था र विकास साझेदारवाट प्राप्त रकमलाई परिचालन गरिने छ । तर कार्यशाला गोष्ठिमा कुनैपनि गैसस तथा विकास साझेदारवाट प्रतिवद्धता प्राप्त गरिएको छैन । श्रोत संकलन तथा परिचालनका लागि साझेदारहरुसंग बृहत परामर्शको आवश्यकता देखिन्छ ।

## ३.९ अनुगमन ढाँचा र अनुसरण (follow-up) संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ धारा ११ लगायतका विषयले गा.पा.लाई आफ्नो क्षेत्राधिकारमा अनुगमनका लागि प्रशस्त स्थान प्रदान गरेको छ । विद्यालय तथा स्वास्थ्यकेन्द्रहरुमा गरिने नियमित अनुगमनका अतिरिक्त अन्य कार्यहरुमा भने प्रभावकारी योजनाबद्ध अनुगमन कमै देखिन्छ । गा.पा.मा अनुगमन कार्यसञ्चालन भएतापनि मानवीय श्रोतको कमिले यो अझै कमजोरनै छ ।

अनुगमनले कुनै निकाय वा व्यक्तिले विभिन्नतहको व्यवस्थापनवाट निश्चित योजना, नीति, कार्यक्रम तथा परियोजनाहरुमा भएको लगानिको प्रवाह उपयुक्त ढंगवाट भएको छ छैन, लक्षित उपलब्धिहरु हासिल भएका छन् कि छैनन्, तोकिएको समयमा कार्य संचालन भएको छ वा छैन भन्ने कुराको निरन्तर तथा आकस्मिक निरिक्षण गर्ने कार्य भन्ने बुझाउंदछ । पहिचान गरिएका कृयाकलापहरुको प्रभावकारी कार्यान्वयनका लागि आकस्मिक वा निरन्तर अनुगमन, वार्षिक समिक्षा कार्यक्रमहरुको आयोजना उपयोगी देखिन्छ । कार्यपालिका, विषयगत समिति, अनुगमन समिति तथा संयुक्त अनुगमन समितिवाट रणनैतिक कार्ययोजना कार्यान्वयनको आकस्मिक तथा नियमित अनुगमन गर्नु पर्ने देखिन्छ । यसका साथै नागरिक निगरानी तथा सामुदायिक अनुगमन प्रणाली पनि अपनाउन सकिन्छ । यस प्रणालीले स्वीकृत योजना अनुरुप कार्यान्वयनको सुनिश्चितता, योजनाको प्रतिफल तथा नतिजाप्राप्तिको नियन्त्रण गर्न सकिन्छ । यस्ता अनुगमनकालागि नागरिक समाज वा समुदायमा आधारित संस्थालाई सहजिकरणको लागि सम्वन्धित सेवाप्रवाह संस्थाले आवश्यक सूचना तथा प्राविधिक सहयोग प्रदान गर्न सक्दछन । त्यसै गरी योजनाअनुसार वार्षिक समिक्षा, मध्यकालिन मूल्याङ्कन तथा अन्तिम चरणका मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी परिष्कृत नतिजा प्राप्तिकालागि नियमित रुपमा अनुसरण तथा आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्न नागरिक अनुगमन तथा मूल्याङ्कन समितिको संरचना तयार गर्न सकिन्छ ।

## ४. निष्कर्ष, सुझाव तथा अगाडिका लागि मार्ग निर्देश

### ४.१ निष्कर्ष

देश संघीय संरचनामा गइसकेपछि नयाँ स्थानीय सरकारसंग विभिन्न संकट हुँदाहुदै पनि नौकुण्ड गा.पा.आफ्ना सबलपक्षहरुलाई परिचालन गरी अगाडि बढीरहेको छ । विभिन्न कमजोरीहरु त विद्यमान छन् तर ती क्रमशः संवोधन हुदै जाने अपेक्षा गरिएको छ ।

नौकुण्ड गा.पा.का सन्दर्भमा निम्न कुराहरु विशेष निष्कर्श भित्र पर्दछन्:

- स्थानीय सरकारको प्रभावकारीता आफूमा मात्र नभएर संघीय तथा प्रदेशको काम गराई, ऐन, नियम संग पनि निर्भर रहने हुन्छ । यसर्थ संघीय तथा प्रदेशको कार्यबाट पनि यसको प्रभावकारीता निर्भर रहन्छ ।
- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्धका वारेमा अझै पनि स्थानीय तहमा स्पष्टता छैन । स्थानीय सरकारको आफ्नो कामको दायराको बारेमा कतिपय वार्डका पदाधिकारी ज्यूलाई बुझाउन जरुरी छ ।
- यस गा.पा. को अन्य स्थानीय सरकारसंगको अन्तर सम्वन्ध अझै पनि खासै विद्यमान छैन । अन्य स्थानीय सरकारसंगको अन्तर सम्वन्धको बारेमा केही छलफल भएपनि यथार्थमा काम अझै हुन सकेको छैन ।
- स्थलगतरुपमा प्रान्तले सम्वन्धित गा.पा.मा संचालन गरेको विकास कार्यबारे  कार्यबारे गाउँपालीकालाई हुनुपर्ने जति जानकारी छैन । यसले गर्दा संघ, प्रदेश र स्थानीय तह बीच अझै पनि नीतिगत दुरी कम गर्नुपर्ने देखिन्छ ।
- स्थानीय तहका बारेमा तथा संघ र प्रदेश का नीतिका वारेमा अझै पनि स्थानीय तहमा एकैखालको बुझाई छैन ।
- ठूला योजना भन्दा साना साना योजनाहरु धेरै हुँदा अनुगमनको कार्य चुनौति पूर्ण छ ।
- उपभोक्ता समिति न्यूनतम निर्देशनमा केन्द्रीत रही बढी पुरुष प्रधान देखिन्छ । विशेष गरी अध्यक्ष पदमा महिलाहरुको प्रतिनिधित्व धेरै कम छ ।
- थप विषयगत क्षेत्र सार्वजनिक जवाफदेहिता व्यवस्थापन र ज्ञान व्यवस्थापन स्थानीय तहका लागि अत्यन्त सान्दर्भिक देखिन्छ ।

यी वस्तुगत निश्कर्ष वाहेका नौकुण्ड गाउंपालिकाको समग्र मूल्याङ्कन गरि हालको अवस्था, सुधारान्मक पक्ष ातथा आगामि दिनका  दिशानिर्देश सम्वन्धमागहन छलफलबाट अनुभूति गरिनुमा साथै मूल्याङ्कनबाट प्राप्त नतिजा र कार्ययोजनालाई संस्थागत रुपमा आफ्नो अनुभूति गर्ने गाउँपालिकाको प्रतिवद्धता नै यस मुल्याङ्कन प्रकृयाको महत्वपूर्ण उपलब्धि हो । वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यहरुले यस प्रकृयावाट गाउँपालिकाको विश्लेषण हुनुका साथै आफ्ना काम कर्तव्य तथा गाउँपालिकाले कानुनतः सम्पादन गर्नु पर्ने कार्यको पनि गहन रुपमा छलफल तथा प्रष्टता भएको कारण यसलाई  एक प्रशिक्षणको रुपमा समेत लिएका छन् । यस कार्यमा सवै जनप्रतिनिधि तथा कर्मचारीहरूको सामुहिक प्रतिवध्दता समेत रहेको छ ।

स्थानीय सरकारले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्न बेलाबेलामा स्थानीय सरकारको संस्थागत सबल पक्ष, सुधार्नु पर्ने, अवसर तथा चुनौतिहरुको नियमित रुपमा विश्लेषण गर्न जरुरी छ । स्थानीय सरकार आफैमा स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्याङ्कन गर्न वढी प्रभावकारी एवं व्यवहारिक हुने देखिन्छ । स्थानीय सरकारको कार्यक्षमता र सेवाप्रवाहका विषयहरू अति नै महत्वपूर्ण हुने भएकोले यस स्वमूल्याङ्कनले सम्वन्धित स्थानीय सरकारको सबल पक्ष, सुधार्नु पर्ने, अवसर तथा चुनौतिहरुको पहिचान गरी क्षमता अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

यस नौकुण्ड गाउँपालिकाले प्रभावकारी सेवाप्रवाहको लागि कार्य गरिरहेको देखिन्छ । तर सवै जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सुशासनमा अझ बढी गर्नुपर्ने कार्य औंल्याएको छ ।  विभिन्न प्राविधिक क्षेत्रको दक्षता र  मानव संशाधनको कमि हुदाहुदै विभिन्न कानून तथा कार्यविधिको निर्माण तथा क्रमशः कार्यान्वयन, स्थानीय राजश्वको दायरा वृद्धि गर्ने प्रयास, सामाजिक सुरक्षाका प्रयास सह्राहनीय छ ।

## ४.२ सुझावहरु

शासन प्रक्रियालाई संस्थागत गर्न र गाउँपालिकाहरुको कार्यसम्पादनको मूल्यांकन गर्नका लागि मापन योग्य मापदण्डका आधारमा यो प्रकृया पूरा गरिनु पर्दछ । यस संस्थागत लेखाजोखा विधिले केहि हदसम्म यो कार्यलाई सम्वोधन गर्दछ । आगामी दिनहरुमा स्थानीय र प्रादेशिक सरकारहरुसंगको परामर्शमा संघीय सरकारले बस्तुगत आधारमा स्थानीय सरकारहरुको कार्यसम्पादन र प्रभावमूल्यांकन गर्ने मापदण्डको विकास गर्न आवश्यक देखिन्छ । यसरी राम्रो कार्य गर्ने स्थानीय सरकारलाई निश्चितप्रोत्साहनप्रदानगर्नपनि धेरै आवश्यक छ ।

नौकुण्ड गा.पा.का सन्दर्भमा निम्न कुराहरु विशेष सुझाव भित्र पर्दछन्:

- जिल्ला समन्वय समितिलाई गाउँपालीका संगको अन्तर सम्वन्ध अझै पनि सबल बनाउन कार्य गर्नुपर्ने जरुरी देखिन्छ ।
- अन्तर स्थानीय तह अनुभव आदान प्रदान तथा ज्ञान व्यवस्थापनका लागि दुई वा सो भन्दा बढी स्थानीय तहलाई एकै ठाउँमा प्रशिक्षण संचालन गर्नुपर्ने जरुरी देखिन्छ ।
- वास्तवमा भन्नुपर्दा निर्वाचित पदाधिकारीज्यूहरुमा ऐन, नियम, नियमावली, कार्यविधि आदिका बारेमा बुझाई बढाउन र क्षमता अभिवृध्दि गर्न अझै छलफल गर्नुपर्ने देखिन्छ ।
- प्रभावकारी कार्य सम्पादनकालागि निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको विद्यमान सम्वन्धित कामको ज्ञानको तह अझ बढाउनु पर्ने देखिन्छ ।
- उपभोक्ता समितिको नेतृत्व विशेष गरी अध्यक्ष पदमा महिला तथा सिमान्तकृतलाई गराउन नीति तयार गरी उपभोक्ता समितिलाई समानुपातिक बनाउनु पर्ने देखिन्छ ।
- गाउँपालिकाले सम्पादन गरेका प्रत्येक गतिविधिको दस्तावेज तयार गरिनुका साथै सिकाई र असल अभ्यासको अभिलेखिकरण गरी ज्ञान व्यवस्थापन प्रणाली स्थापित गर्नु पर्ने देखिन्छ ।
- थप विषयगत क्षेत्र सार्वजनिक जवाफदेहिता व्यवस्थापन र ज्ञान व्यवस्थापन स्थानीय तहका लागि सान्दर्भिक देखिन्छ ।
- कार्यपालिका सदस्य, वार्ड सदस्य लगायत सबै सभासद्हरूको गाउँपालिका तथा वडा समितिका कामहरू सञ्चालन गर्ने कार्य क्षमतामा समानता छैन त्यसैले उनीहरुको क्षमता बढाउनु आवश्यक छ ।
- संगठन संरचना, दररवन्दी र दरवन्दीको पद पूर्ति आदिलाई व्यवस्थित गर्न विषयगत समिति, विषयगत शाखा तथा जनप्रतिनिधि र कर्मचारीहरुको ब्यक्तिगत कार्यविवरण सहितको संगठन तथा व्यवस्थापन (O & M) सर्भे आवश्यक छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरू कार्य दक्षतामा प्रभावकारिता ल्याउन कार्य जिम्मेवारी र कार्यविवरण तयार गरी कार्य सम्पादन सम्झौता गरिनु पर्ने देखिन्छ ।
- व्यक्तिगत, संगठनात्मक र संस्थागत क्षमता आवश्यकताहरू सम्बोधन गर्न एउटा विशिष्ट क्षमता विकास योजना आवश्यक छ जसलाई आवधिकरुपमा अद्यावधिक गर्नुपर्दछ ।
- विशेष प्रकृतिका कार्यहरु भवननिर्माण सम्वन्धिनियमहरू, राजस्व सुधार, लैंगिक उत्तरदायी बजेट, संगठनात्मक विकास, विपदन्यूनिकरण आदि विषयमागाउंपालिकालाई प्राविधिक सल्लाहको सहयोग आवश्यक छ।
- रणनैतिक कार्ययोजनामा उल्लेख भएअनुसार प्रशिक्षण, कार्यशाला, भ्रमण आदि प्रभावकारी, समयबद्ध, व्यवस्थित तथा मितव्ययी तरिकाले कार्यान्वयनभएको सुनिश्चितगर्न आवश्यक छ ।
- नियमित अनुगमन र मुल्याङ्कनको प्रणालि मार्फत गाउँपालिकाका पदाधिकारी र कर्मचारीले आवश्यक सल्लाह र सुझाव लिन सकिने व्यवस्था जरुरी देखिन्छ ।

xx--xx

अनुसूचीहरु

## अनुसूची १. कार्यक्रमतालिका

| दिन | छलफलका विषयवस्तु तथा सम्भावित सहभागीहरु |
|---|---|
| **पहिलो दिन** | क) प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुखप्रशासकियअधिकृत, शाखाप्रमुखहरु तथाउपलब्धकार्यपालिका सदस्यहरुसंग परचियात्मक बैठक ।<br>ख) स्थानिय सरकारको संस्थागत स्वमूल्यांकन(लिसा)विधिकोऔचित्य, तरिका, उद्देश्य आदिकावारेमा प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुखप्रशासकियअधिकृत, शाखाप्रमुखहरु तथाउपलब्धकार्यपालिका सदस्यहरुलाई प्रस्तुतीतथा छलफल ।<br>ग) ब्यक्तिगत स्व-क्षमता विश्लेषण फारामको वारेमा छलफल तथा फाराम वितरण ।<br>घ) स्थानिय सरकारको संस्थागत स्वमूल्यांकन (लिसा) विधिको नतिजा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको अनलाईन पोर्टलमा प्रविष्ट गर्नकालागि मन्त्रालयमा उक्त पोर्टलको User-IDर Password को प्राप्तिका निमित्त स्थानिय सरकारलाई सहजिकरण ।<br>ङ) विषयगत समितिका संयोजक, कार्यपालीका सदस्यहरु, कार्यपालीकाका महिला तथा दलित सदस्यहरुसंग समूह छलफल |
| **दोश्रो दिन** | क)नागरिक समाज तथा महिला संजालका प्रतिनिधिहरु तथा शाखा प्रमुखहरु संग समूह छलफल तथा अन्तवार्ता<br>ख) वडा कार्यालय तथा योजना निर्माण स्थल अवलोकन, वडा सचिव, वडा समिति सदस्य तथा उपभोक्ता समितिका प्रतिनिधिहरुसंग छलफल तथा अन्तवार्ता |
| **तेश्रो दिन** | क) विभिन्न शाखा कार्यालयहरुवाट सूचना संकलन<br>ख) स्थानिय सरकारको संस्थागत स्वमूल्यांकन गोष्ठि (सहभागीहरु : प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुखप्रशासकियअधिकृत, शाखाप्रमुखहरु तथाउपलब्धकार्यपालिका सदस्यहरु)<br>ग) सूचना संकलनका लागि वितरण गरिएको ब्यक्तिगत स्व-क्षमता विश्लेषण फाराम जनप्रतिनिधि तथा कर्मचारीहरु संग संकलन ।<br>घ) अन्यआवश्यक सूचना संकलन |
| **चैथोदिन** | क) आवश्यक सूचना संकलनको निरन्तरता<br>ख) स्थानिय सरकारको संस्थागत स्वमूल्यांकनको निरन्तरता, सकअचु विश्लेषण तथा रणनैतिक कार्ययोजना निर्माणको अभ्यास ( सहभागीहरु : प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा उपलब्ध कार्यपालिका सदस्यहरु)<br>ग) संस्थागत स्वमूल्यांकनको नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको अनलाईन पोर्टलमा प्रविष्टी शुरुवात |
| **पांचौदिन** | क) रणनैतिक कार्ययोजनालाई अन्तिम स्वरुपप्रदान (सहभागीहरु : प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, उपलब्ध कार्यपालिका सदस्यहरु तथा शाखाप्रमुखहरु)<br>ख) संस्थागत स्वमूल्यांकनको नतिजा संघीय मामिलातथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको अनलाईन पोर्टलमा प्रविष्ट गर्ने कामको सम्पन्नता<br>ग) स्थानिय सरकारको संस्थागत स्वमूल्यांकन गोष्ठिको समापन (करिव दिउसो १ बजे) |

# अनुसूची २ः स्थानीय सरकारको संस्थागत स्वःमूल्याकंन

**स्व–मूल्याङ्कन विषयक्षेत्र-१ः शासकीय प्रवन्ध**

**१.१ समग्र अबस्था**

| सूचक क्षेत्र | अबस्था -१ | अबस्था -२ | अबस्था -३ | अबस्था -४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| १.१.१ (क) सभाको निर्णय प्रक्रिया<br><br>**(स्थाससंऐ दफा १९)** | सभाको बैठक अगाडी सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको जानकारी गराउने नगरिएको । | कहिले काँही मात्र सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको स्पस्ट लिखित जानकारी गराउने गरिएको ।<br>√ | सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको जानकारी गराउने गरिएको । | सभाको बैठक भन्दा ७ दिन अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको स्पस्ट लिखित जानकारी गराउने गरिएको । | सभाका सदस्यहरुलाई दिएको पत्रको कार्यालय प्रति ।<br>सभाको उपस्थिति र निर्णय पुस्तिका। |
| १.१.१ (ख) कार्यपालिकाको निर्णय प्रक्रिया<br>**(स्थाससंऐ दफा १७)** | छलफलका विषय र सो को निर्णय प्रमुखले भने अनुसारमात्र हुने गरेको । | छलफलका विषय र सो को निर्णय कार्यपालिकाले पेश गरे बमोजिम हुने गरेको । | निर्णय गर्नु पर्ने विषयमा सामान्य छलफल भई बहुमतमा आधारमा निर्णय हुने गरेको । | खुल्ला रुपमा छलफल भई अधिकतम सहमतिमा निर्णयहरु हुने गरेको ।<br>√ | उपस्थिति र निर्णय पुस्तिका, सदस्यहरुले आफ्नो भिन्न मत उल्लेख गरेको अभिलेख निर्णय पुस्तिकामा उल्लेख भएको नभएको । सदस्यहरुको प्रतिक्रिया । |
| १.१.२ सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तथा निर्णयहरुको सार्वजनिकिकरण<br>**(स्थाससंऐ दफा १०२ को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक)** | सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण गर्ने नगरेको । | सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने तर अन्य निर्णय सार्वजनिक गर्ने नगरेको ।<br>√ | सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकिकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने तर अन्य निर्णयहरु सूचना पाटी मार्फत सार्वजनिक गर्ने गरेको । | सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकिकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने तर अन्य निर्णयहरु पालिकाको वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको । | निर्णयहरु उल्लेख भएको स्थानीय राजपत्रको प्रति, कार्यालयको वेवसाइट, सूचनापाटी, पत्रपत्रिकाको प्रति वा रेडियो वा टेलिभिजन भए अडियो वा भिडियोको रेकर्ड। |

**शासकीय प्रवन्ध (थपसूचक)**

| सूचक क्षेत्र | अवस्था -१ | अवस्था -२ | अवस्था -३ | अवस्था-४ | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|
| व्यक्तिगत कार्य जिम्मेवारी बारेको स्पष्टता | अध्यक्ष/प्रमुख, उपाध्यक्ष/ उप प्रमुख, वडा अध्यक्षहरु, समितिका संयोजकहरु र प्रमुख प्रशासकीय अधिकृत कोही पनि आफ्नो कार्य जिम्मेवारीबारे स्पष्टनभएको । | अध्यक्ष/प्रमुख, उपाध्यक्ष/ उप प्रमुख, र प्रमुख प्रशासकीय अधिकृत मात्र आ-आफ्नो कार्यजिम्मेवारी बारे स्पष्ट भएको । | अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप प्रमुख, वडा अध्यक्षहरु, समितिका संयोजकहरु र प्रमुख प्रशासकीय अधिकृत सबैजना आ-आफ्नो कार्यजिम्मेवारी बारे स्पष्ट भएको ।√(समिति वाहेक) | अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप प्रमुख, वडा अध्यक्षहरु, समितिका संयोजकहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरु आफ्नो कार्य जिम्मेवारीमा स्पष्ट र एक अर्काको जिम्मेवारी पुरागर्न परिपुरक रहेको । | कार्य विभाजन नियमावली र जिम्मेवार पदाधिकारी वाट सम्पादित कार्यहरुको अभिलेख |

**स्व–मूल्याङ्कन विषयक्षेत्र - १ःशासकीय प्रवन्ध**

**१.२ प्रक्रियागत अवस्था**

| विषय सम्बन्धी सूचक | कमजोर | सामान्य | उत्तम | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १.२.१ सभा र कार्यपालिकाका समिति/उपसमिति सञ्चालन सम्वन्धी कार्यविधि **(स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७)** | स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्वन्धी कुनै कार्यविधि निर्माण नगरिएको | स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्वन्धी कार्यविधि निर्माण भएको तर कार्यान्वयन नभएको √ | स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्वन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको | कार्यविधिको प्रति, वेवसाइट । समिति/उप-मितिको निर्णय पुस्तिका। |
| १.२.२ कार्यपालिकाको बैठक सञ्चालन **(स्थाससंऐ दफा १७, वैठककार्य संचालन नियमावली)** | कार्यपालिकाको वैठक सञ्चालनको विधि ( बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) निर्धारण नगरेको । √ | निर्धारित विधि अनुरुप (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) सञ्चालन हुने नगरेको । | निर्धारित विधि अनुरुप (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) सञ्चालन हुने गरेको । | बैठक वोलाउने पत्रको प्रति, निर्णय पुस्तिका । |
| १.२.३ आन्तरिक नियन्त्रण प्रणाली **(स्थाससंऐ दफा ७८)** | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न कुनै नीतिगत व्यवस्था नभएको । | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न नीतिगत व्यवस्था भएको तर कार्यान्वयन नभएको । √ | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न नीतिगत व्यवस्था भई कार्यन्वयन भएको साथै नियमित अनुगमन र पृष्ठपोषण भएको । | आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका । |
| १.२.४ स्थानीय तहका पदाधिकारी र कार्मचारीहरुको सम्पत्ति विवरण **(स्थाससंऐ दफा ११०)** | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुले कानुन वमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश नगरेको । | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरु मध्ये केहीले कानुन वमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गरेको । | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरु सबैले कानुन वमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गरेको । √ | स्थानीय तहमा सम्पत्ति विवरण पेश गरेको दर्ता पुस्तिका, प्रदेश सरकारमा सम्पत्ति विवरण पठाएको पत्रको प्रति |

*कमजोरः२५% सम्म, सामान्यः ५०% सम्म, राम्रा : ७५% सम्म, उत्तमः ७५% भन्दा माथि*

| स्व–मूल्याङ्कन विषयक्षेत्र -१ःशासकीय प्रवन्ध (३/३) | | | | |
|---|---|---|---|---|
| **१.३ परिमाणात्मक अवस्था** | | | | |
| **सूचक** | **नतिजा** | | | **प्रमाणीकरणको आधार** |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | |
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या **(स्थाससंऐ दफा १७, वैठककार्य संचालन नियमावली)** | मासिक रुपमा नियमित वैठक नबसेको | सामान्यतय महिनामा १ पटक बैठक बसेको √ | प्रत्येक महिनामा कम्तिमा १ पटक हुने गरी आवश्यकता अनुसार बैठक बसेको | वैठकको निर्णय पुस्तिका । |
